का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० चैत २०७८,
आइतबार
3 April 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक ५७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

### मोदीसँग देउवाको प्रस्ताव

# सीमा समस्या समाधान गर्न संयन्त्र

तीन दिने भारत भ्रमणका क्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले सीमा विवाद समाधान गर्न संयन्त्र गठनको प्रस्ताव गरेका छन् । तर समकक्षी नरेन्द्र मोदीले भने ठोस् जवाफ दिएनन् । पञ्चेश्वर अगाडि बढाउने, जनकपुर-जयनगर रेल उद्घाटन लगायत केही सहमति भने भ्रमणका क्रममा भएको छ ।



'नेपालले सीमा विवादबारे कुरा मात्रै राखेन, समाधानका लागि संयन्त्रको प्रस्ताव गऱ्यो । यो चुच्चे नक्सा अनुसार भूगोलमा नेपालको औपचारिक दाबी हो, जो प्रत्यक्ष भेटमा भएको छ । यसलाई कुटनीतिमा निकै ठूलो अर्थमा हेरिन्छ ।'

**दिनेश भट्टराई**
कुटनीतिक मामलाका जानकार

'चुच्चे नक्सा ल्याउने तर, त्यस अनुसारको पहल नगर्ने, भारतलाई चिठी पठाउने रिप्लाई नआए चुपो लागेर बस्नेक्रमबाट नेपाल अगाडि बढेको छ ।'

**रमेशनाथ पाण्डे**
कुटनीतिक मामलाका जानकार

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १९ चैत ।

प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणमा नेपाल-भारत सीमा समस्याको विषय उठाइएको छ । नेपालले लिम्पयाधुरा, लिपुलेक र कलापानीलाई नेपालको नक्सामा समेटेको छ । तर, नेपालले नक्सामा समेटेको ठाउँमा भारतीय सेनाको क्याम्प छ । नक्सामा ल्याएको भूभाग नेपालको कहिले हुन्छ ? भन्ने प्रश्न उठिरहेका बेला प्रधानमन्त्री देउवाले भारत भ्रमणका क्रममा यो विषय उठाइएको हो ।

प्रधानमन्त्री देउवाले भारतीय समकक्षी नरेन्द्र मोदीसँग भएको भेटमा सीमा समस्याको विषय उठाएका हुन् । प्रधानमन्त्री देउवा र मोदीबीच शनिबार हैदराबाद हाउसमा भेटवार्ता भएको थियो । मोदीसँगको भेटपछि प्रतिनिधिमण्डलस्तरमा छलफल भएर बिभिन्न समझदारीमा हस्ताक्षर भयो । तर, सीमा विवाद समाधानकै विषयमा – बाँकी पृष्ठ २ मा

## चार समझदारी, रेल सेवा उद्घाटन

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, १९ चैत ।

प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा दुई देशबीच चार विषयमा समझदारी भएको छ । प्रधानमन्त्री देउवा र समकक्षी नरेन्द्र मोदीको उपस्थितिमा ऊर्जा र रेलवेमा सहकार्य गर्ने सहित विषयमा चार समझदारी भएको हो ।

देउवा र मोदीबीचको भेटपछि दुबै देशका अधिकारीहरुले ती चार वटै समझदारी/सम्झौतामा हस्ताक्षर गरे । इन्टरनेसनल सोलार एलाइन्समा नेपालको प्रवेशसम्बन्धी समझदारी पहिलो हो । दोस्रोमा भारतीय आयल निगम र नेपाल आयल निगमबीच पेट्रोलियम पदार्थ आपूर्तिमा सम्झौता छ । तेस्रोमा भारतीय आयल निगम र नेपाल आयल निगमबीच प्राविधिक सहयोग सम्झौतामा हस्ताक्षर भएको छ । चौथोमा सीमापार रेलसम्बन्धी प्राविधिक सहयोगसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । सम्झौता लगत्तै शनिवार नै प्रधानमन्त्री देउवा र मोदीले जयनगर-जनकपुर रेलको उद्घाटन – बाँकी पृष्ठ २ मा

### प्रधानमन्त्रीको आग्रह

## नेपालमा लगानी गर्नुहोस्

**कृष्ण अधिकारी / रासस**
नयाँदिल्ली, १९ चैत

प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालमा लगानीको वातावरण सहज भएकाले ऊर्जा, पूर्वाधार, पर्यटनजस्ता क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्ता, उद्योगी एवं व्यवसायीसँग आग्रह गरेका छन् ।

भारतको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री देउवाले भारतीय व्यापारिक समुदायसँगको अन्तरक्रियामा नेपालमा भारतीय लगानी बढाउन र भारततर्फको निर्यात सहजीकरणका लागि सरकार सकारात्मक रहेको उल्लेख गरे । – बाँकी पृष्ठ २ मा




# सत्तारुढमा तानातान

स्थानीय चुनावमा गठबन्धन गर्ने निर्णय गरेको सत्ता साझेदार दलहरुबीच धेरै कोटा लिन लबिङ चलिरहेको छ । तर सत्तारुढ दलहरुबीच ठोस् निर्णय भने हुन सकेको छैन ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १९ चैत ।

सत्तारुढ दलहरु स्थानीय चुनावमा तालमेल गर्न राजी भएका छन् । तर, तालमेलको मोडल तय भइसकेको छैन । गएको बिहीबार सत्ता साझेदार दलहरुको बैठकले स्थानीय तहमा तालमेल गरेर जाने निर्णय गरेको थियो ।

तर कसरी तालमेल गर्ने भन्ने प्रष्ट भइसकेको छैन । आ-आफ्नो हैसियत आँकलन गर्न संयन्त्र बनाएर अध्ययन गर्न थालेका दलहरु बढी कोटा लिने प्रयत्न गरिरहेका छन् । त्यसैक्रममा नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले ५८५ पालिका दाबी गर्न सक्ने बताएका छन् ।

यसअघि जुनजुन पार्टीले जितेको छ, त्यहाँ सोही पार्टीले लिने र एमालेले जितेको पालिकामा बाँडफाँड गर्ने नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको प्रस्ताव छ । सोही प्रस्तावमा टेकेर जाने हो भने कांग्रेसले ५८५ पालिका पाउनुपर्ने उनको तर्क छ । 'अघिल्लो पटक जुन जुन पार्टीले जितेको छ, त्यो ठाउँमा सोही पार्टीलाई दिने र एमालेले जितेको ठाउँमा दोस्रो पार्टीलाई दिने प्रस्ताव प्रचण्डजीले गर्नु भो' कोइरालाले भनेका छन्, 'यो प्रस्तावमा जाँदा ५ सय ८५ पालिका कांग्रेसलाई दिन सक्नुहुन्छ ?'



नेपाली कांग्रेसका नेता शेखर कोइराला प्रजातान्त्रिक विचार समाज कास्कीको नवौं अधिवेशनमा ।
तस्वीरः वासुदेव पौडेल

शनिवार पोखरामा आयोजित कार्यक्रममा कोइरालाले तर्क गरे, '२०७४ सालमा तीन सय १९ पालिकामा हामी दोस्रो भएका छौं । दुई सय ६६ मा हामी पहिलो भएका छौं। पहिलो र दोस्रो सहित लिंदा कांग्रेसको भागमा पाँच सय ८५ पालिका पर्छ ।' प्रचण्डले भरतपुर मात्रै हेरेर गठबन्धन प्रस्ताव गरेको उल्लेख गर्दै कोइरालाले थपे, 'भरतपुरलाई दिमागमा राखेर मात्रै बहस भइरहेको छ । उनको प्रस्तावअनुसारको पालिका दिन साँच्चै तयार हुनुहुन्छ ? त्यो गर्न सक्नुहुन्छ ?'

# महन्थको 'रोड शो'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ चैत ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालले शनिवार वीरगजमा रोड शो गरेको छ । संविधान संशोधन गर्नुपर्ने भन्दै यसलाई नै मुख्य मुद्दा बनाएर राजनीति गरिरहेका लोसपाका अध्यक्ष महन्थ ठाकुर आफैं रोड शोमा सहभागि थिए । उनका साथसाथै वरिष्ठ नेता राजेन्द्र महतो, सर्वेन्द्रनाथ शुक्ल, अनिल झा लगायत उपस्थित थिए ।

दिउँसो १ बजे वीरगंज चिनी कारखानाको आवास क्षेत्रबाट सुरु भएको रोड शो वीरगञ्ज नगर परिक्रमा गर्दै दिउँसो २ बजे आदर्शनगरस्थित टाउन हलमा पुगेर स्वाभिमान सभामा परिणत भएको थियो । विगतमा हुने अन्दोलनमा प्रर्दशन भन्ने गरेकोमा लोसपाले यसपटक रोड शो भनेको हो । प्रर्दशनपछि कोण सभा भन्ने गरेकोमा यसपटक स्वभिमान सभा भनेको हो ।

स्वभिमान यात्रामा नेताहरुले आगामी चुनावमा लोसपालाई मत दिन अनुरोध गरे । अर्थात, चुनावी – बाँकी पृष्ठ २ मा

# अन्तर्राष्ट्रिय सीमा खोलेसँगै मलेसियाले जारी गऱ्यो कालोसूची

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ चैत

अन्तर्राष्ट्रिय सीमा पुनः खुला गरेसँगै मलेसियाले आफ्नो देश प्रवेशमा प्रतिबन्धित व्यक्तिहरूको कालो सूची पुनः सक्रिय गरेको छ । मलेसियाका गृहमन्त्री हमजाह जैनुदिनले राष्ट्रिय सुरक्षा उच्चतम स्तरमा रहेको सुनिश्चित गर्नका लागि मलेसिया प्रवेश प्रतिबन्धित व्यक्तिहरूको कालोसूची पुनः सक्रिय गरेको बताएका छन् । करिब दुई वर्षपछि मलेसियाले अप्रिल एक तारिखदेखि आफ्नो अन्तर्राष्ट्रिय सीमा खुल्ला गरेको छ ।

शनिबार आयोजित एक कार्यक्रममा गृहमन्त्री हजमानले कुन देशका नागरिक कालोसूचीमा बढी मात्रामा रहेका छन् भन्ने नखुलाउने बताए । उनले भने, 'विगत लामो समय लगाएर तयार पारेको सूची सबै अध्यागमन कार्यालयहरूमा पठाइएको छ, तर त्यो सूची सार्वजनिक गरिने छैन ।'



वैदेशिक रोजगार विशेष

मलेसियाले मुस्लिम अतिवादीहरूको सामुहिक प्रवेशलाई रोक लगाउने मुख्य लक्ष्य राखेर प्रतिबन्धित व्यक्तिहरूको गोप्य सूची बनाउने बताए पनि त्यसबाट अध्यागमन कानून उल्लंघन गरेर स्वदेश फर्किएका आप्रवासी कामदारको पुनः प्रवेशमा पनि समस्या निम्त्याउने बताइएको छ ।

रोजगारीका लागि मलेसिया गएका नेपाली कामदारहरू लुकेर लामो समय बसेका र आपराधिक गतिविधिमा लागेर जेल सजाय पाएकाहरू कालोसूचीमा पर्ने गरेका छन् । मलेसियन अधिकारीहरूलाई उदृत गर्दै मलेसियाका स्थानीय सञ्चारमाध्यमहरूले इन्डोनेशियाबाट अवैधानिकरूपमा कामदार प्रवेश गर्ने समस्या गम्भीर बनेको उल्लेख गरेका छन् । हाल मलेसिया र इन्डोनेसियाबीच घरेलु कामदार व्यवस्थापन गर्ने विषयमा दुबै देशको शीर्ष तहमा छलफल भइरहेको छ ।

## कर्मचारी आवश्यकता

यस मेनपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Salary Attractive

**1. Documentation Officer - 3 Male/Female**
Requirements:
Bachelor passed, excellent in Photoshop, Nepali typing skill, MS word with latest technology and Experience in related field.

**2. PRO - 2 Male**
Requirements:
+2 passed, excellent in computer knowledge.

**3. Office Boy -2 Male**
Requirements:
+2 passed, Basic computer knowledge, having 2 wheeler license compulsory.

**4. Receptionist- 2 Female**
Requirements:
+2 passed /Bachelor running,Smart & energetic, read, write and speak English skill, Basic computer knowledge.

Interested candidates can send us their cv at email:
info@palhioverseas.com, palhioverseas2006@gmail.com
or can contact on
9801212601, 01- 4015655, 4015792

**Palhi Overseas Pvt.Ltd.**
Chappalkarkhana, Kathmandu, Nepal

# नेपाल र अमेरिकी सेनाबीच आजदेखि संयुक्त अभ्यास

**काठमाडौं/मस-** नेपाली सेना र अमेरिकी सेनाबीचको संयुक्त तालिम 'ब्यालेन्स नेल' आजदेखि शुरु हुँदैछ। सेनाको रेञ्जर फौज र अमेरिकी सेनाको स्पेशल फौजबीच नियमित प्रक्रिया र अभ्यासका रूपमा 'ब्यालेन्स नेल' हुन लागेको हो।



अमेरिकी सेना र नेपाली सेनाबीच यस्तो संयुक्त अभ्यास सन् २००३ अगस्तबाट हुँदै आएको नेपाली सेनाका प्रवक्ता नारायण सिल्वालले बताए।

हालसम्म ब्यालेन्स नेलका ३९ वटा अभ्यास पूरा भइसकेका छन्। उनका अनुसार रेञ्जर फौजका करिब चार हजार सकल दर्जालाई यस्तो तालिम प्राप्त भइसकेको छ।

प्रवक्ता सिल्वालले भने, 'यसपटकको ब्यालेन्स नेल चैत २० देखि वैशाख १३ गतेसम्म रेञ्जर गणको सिंह महावीर योजना तथा समन्वय महाशाखा छाउनी र रेञ्जर तालिम केन्द्र नगरकोटामा सञ्चालन हुनेछ।' संयुक्त राज्य अमेरिकाका २० सैनिक र नेपाली सेनाका ९० सैनिक तालिममा सहभागी हुँदैछ।

तालिममा द्वन्द्वका समयमा मानवअधिकार एवं कानुनको परिपालना, जंगल वारफेयर र सैनिक ट्याक्टिसलगायत अरु विषयमा समेत व्यवहारिक अभ्यास र ज्ञान दिइनेछ।

यस्ता तालिमबाट नेपाली सेनाको क्षमता अभिवृद्धि गर्न योगदान पुग्नेछ। परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयको समन्वय र स्वीकृतमा सञ्चालन भएको उक्त तालिम फिल्ड, टेबल र कक्षाकोठामा सञ्चालन हुनेछ।

अमेरिकाले विश्वका विभिन्न देशसँग यस किसिमका संयुक्त अभ्यास गर्दै आएको छ। दुई साताअघि अमेरिकी सेना र नेपाली सेनाको मेडिकल जनशक्तिबीच समेत संयुक्त तालिम सञ्चालन भएको थियो।

# अग्नि पीडितलाई कांग्रेस लहानको सहयोग

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा १९ चैत

सिरहा लहान नगरपालिका वडा नं.२४ डन्डा टोलका अग्नि पीडित राम परी सदायकको परिवारलाई नेपाली कांग्रेस लहान वडा-२४ ले राहत प्रदान गरेको छ।



कांग्रेस लहान वडा -२४ का पदाधिकारीहरुले सदाय टोलमा पुगेर अग्नि पीडित सदाय र उनकी बुहारीलाई ५० किलो चामल, २ थान त्रिपाल (फली) र २ थान सेट साडी सहयोग गरेको हो।

नेपाली कांग्रेस नगर सभापति रास लाल रायको सहयोगमा उक्त सामग्रीहरु वडा कार्यसमिति सह-सचिव सुदिप महतो, बिनोद साह तथा स्थानीय बासीको रोहवरमा हस्तान्तरण गरिएको हो।

सह-सचिव महतोका अनुसार आगोलागीबाट क्षतिग्रस्त घरलाई युवाहरुको सक्रियतामा व्यवस्थापन कार्य समेत गर्ने प्रतिवद्धता जनाइएको छ।

सदाय परिवारको घर गत चैत १२ गते अकस्मात आगालागी हुँदा घर जलेर पूर्ण रुपमा नष्ट भएको थियो। घर जलेपछि अहिले उनीहरू छिमेकीको घरमा आश्रय लिएर बसिरहेका छन्।

# रमजान शुरु



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १९ चैत

ईस्लाम धर्मावलम्बीहरुको पवित्र महिना रमजान आइतबारबाट शुरु भएको छ। एक महिनासम्म चल्ने रमजान महिना यो वर्ष आजबाट शुरु भई वैशाख १९ गतेसम्म चल्नेछ।

रमजान महिनामा मुसलमानहरुले सूर्य उदाउनु भन्दा करिब अढाई घण्टा पहिला सेहरीकोरुपमा खाने कुरा खाई दिनभर केही नखाई उपवास बसी सूर्य अस्ताएपछि ईफ्तारकोरुपमा खानेकुरा फलफुल, मिठाईबाट आवतरित रोजा खोल्नु पर्छ। ईस्लामिक पात्रो अनुसार यो १४४४ औं रमजान महिना हो।

यो महिनामा कुनै पनि एउटा राम्रो काम गर्दा सत्तरी वटा राम्रो काम गरे बराबरको सवाब पाइने भएको हुँदा यसलाई बरकतको महिनासमेत मानिने चलन रहेको छ। रमजान महिनामा मुसलमानहरुले पाँच महत्वपूर्ण कार्य रोजा, नमाज, जकात, फितरा र हज गर्नु पर्ने तथा तिर्नु पर्ने परम्परा समेत रहेको छ। ईस्लामको महान धार्मिक ग्रन्थ कुरान आकाशबाट आवतरित भएको महिना भएको बिश्वासका लाथ यो महिना त्याग र समर्पणको साथै पवित्र महिना मानिन्छ। रमजान महिना समाप्त भै सौआलको महिना सुरु हुन्छ र यो महिनाको पहिलो दिन मुसलमानहरु ईदगाहमा गएर सामुहिक रुपमा ईदको नमाज पढि एक आपसमा अँकमाल मारेर ईद मुबारक भन्दै बधाई साटासाट गरी आपसी भाइचाराको संदेश दिने गर्छन्। ईद पर्व ईस्लाम धर्मावलम्बीहरुको महान पर्व मानिन्छ। नेपालमा करिब १० लाख मुसलमानहरु बसोबास गर्दै आएको आँकलन छ।

# पेट्रोलियम व्यवसायीको आन्दोलन स्थगित

**काठमाडौं/मस-** पेट्रोलियम पदार्थ ढुवानी व्यवसायीले आन्दोलन स्थगित गरेका छन्।

आफूहरुको माग पूरा गर्न नेपाल आयल निगम सहमत भएको भन्दै ढुवानी व्यवसायीले आन्दोलनका सबै कार्यक्रम स्थगित गरेका हुन्। नेपाल आयल निगमसँगको वार्तापछि व्यवसायीहरूले आइतबार देखि गर्ने भनेको देशव्यापी आन्दोलन फिर्ता लिएका हुन्। नेपाल एलपी ग्यास उत्पादक संघका अध्यक्ष कुश मल्लीले निगमसँगको वार्ताबाट सकारात्मक निष्कर्ष आएको जानकारी दिए। घोषणा गरिएको चरणबद्ध आन्दोलनसमेत फिर्ता भएको उनले बताए।

पेट्रोलियम पदार्थको बिक्रीबापतको कमिसनको रकम नपाएको भन्दै आयल निगम अमलेखगञ्जका ढुवानी व्यवसायीले शुक्रबारदेखि पेट्रोलियम पदार्थ ढुवानी ठप्प पारेका थिए।

# नेपाल मुस्लिम इत्तेहाद संगठनको प्रथम नगर अधिवेशन सम्पन्न

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, १९ चैत्र

कपिलवस्तुको कृष्णनगरमा नेपाल मुस्लिम इत्तेहाद संगठन प्रथम नगर अधिवेशन शनिबार सम्पन्न भएको छ।



नेकपा (एमाले) कृष्णनगर नगर कमिटी उपाध्यक्ष महताब आलम खा को अध्यक्षता, नेकपा एमाले केन्द्रीय सदस्य तथा नेपाल मुस्लिम इत्तेहाद संगठनका राष्ट्रिय अध्यक्ष सेराज अहमद फारूकीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेकपा एमाले लुम्बिनी प्रदेश कमिटी सदस्य मोहम्मद मुस्तफा, नेकपा एमाले कपिलवस्तु जिल्ला कमिटी सदस्य शिव प्रसाद जयसवाल, वडाध्यक्ष सगीर अहमद खा, दयानन्द त्रिपाठी, मोहम्मद माबुद खा, मनोज जयसवाल, के के गुप्ता, अब्दुल नबाब शाह लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै प्रमुख अतिथि फारूकीले इत्तेहाद संगठनको हकहितका लागि आफू सँधै तयार रहने बताउँदै आउने स्थानीय निर्वाचनमा सबै मिलेर पार्टीलाई जिताउने अभियानमा युवाहरूको भूमिका महत्वपूर्ण हुने बताए।

नेपाल मुस्लिम इत्तेहाद संगठन कृष्णनगर नगर कमिटी अध्यक्षमा समसुल हुदाँ, उपाध्यक्षमा अब्दुल कलाम खान, सचिवमा सर्फराज खान, सह सचिवमा समसुद्दीन नाउ, कोषाध्यक्षमा मकबुल आलम जिलानी र सदस्यमा कैफ खान लगायत ५१ सदस्यीय कमिटी सर्वसम्मत चयन गरिएको एमालेका युवा नेता हैदर अलिले जानकारी दिए।

कार्यक्रमको समापनमा बोल्दै अध्यक्ष महताब आलम खाले नेपाल मुस्लिम इत्तेहाद संगठन कृष्णनगर नगर कमिटी नवगठित पदाधिकारीलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिए। उनले आ-आफ्नो जिम्मेवारी इमानदारी पूर्वक निर्वाह गर्न पनि आग्रह गरे। कार्यक्रमको संचालन नेकपा एमाले कृष्णनगर नगर कमिटी सचिवालय सदस्य तथा राष्ट्रिय युवा संघ कृष्णनगर अध्यक्ष मिर्जा राशिद बेगले गरेका थिए।

# १० हजार बालबालिकालाई टाइफाइड विरुद्धको खोप

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १९ चैत

दैलेखमा १५ महिनादेखि १५ वर्षसम्मका बालबालिकालाई टाइफाइडविरुद्धको खोप लगाइने भएको छ।



यहि चैत्र २४ गतेबाट टाइफाइडविरुद्धको खोप लगाउने देशव्यापी राष्ट्रिय अभियान अन्तर्गत जिल्लाको नारायण नगरपालिका भित्रका १ देखि ११ वडाभित्रका विद्यालयमा करिब १० हजार ४ सयबढी बालबालिकालाई खोप लगाइने भएको हो।

नारायण नगरपालिका स्वास्थ्य शाखाले पालिका स्तरमा टाइफाइडविरुद्धको खोप अभियान संचालनका लागि संचारकर्मीहरुसँग गरिएको अभिमुखीकरणमा १५ महिनादेखि १५ वर्ष उमेर समुहका पालिकाभरका १० हजार ४ सयभन्दा बढी बालबालिकालाई खोप लगाउने तयारी भएको नगरपालिका स्वास्थ्य शाखाका सह-संयोजक लालबहादुर खड्काले जानकारी दिए।

खोप अभियान यहि चैत्र २४ गतेदेखि वैशाख १८ गतेसम्म पालिकाका वडामा तालिका अनुसार संचालन हुने छ।

बालबालिकालाई खोप अभियानको रूपमा नारायण नगरपालिका ४३ वटा विद्यालयमा नै खोप केन्द्र बनाई खोप लगाउने तयारी गरिएको छ।

खोप १ पटक लगाए आजीवनसम्म पुग्ने खोपले टाइफाइड सार्नबाट रोक्नुका साथै रोग निमूल पार्न सहयोगी हुने भएकाले अन्य समूहकालाई पनि क्रमिक रुपमा खोप लगाउने बताइएको छ। दैलेख जिल्लाभर झण्डै ९१ हजार बालबालिकालाई टाइफाइट रोगविरुद्धको खोप लगाइने भएको छ।

# नेपाल मोबाइल व्यवसायी महासंघको पहिलो साधारण सभा चैत २५ गते

**काठमाडौं/मस –** नेपाल मोवाईल व्यवसायी महासंघले प्रथम वार्षिक साधारण सभा भव्यताका साथ आयोजना गर्ने भएको छ।

आज पत्रकार सम्मेलनको आयोजना गर्दै महासंघले साधारण सभाबारे जानकारी दिएको हो। महासंघको साधारण सभा चैत २५ गते (शुक्रबार) विहान ९:०० बजे होटल एलफ्टमा सुरु हुने छ। कार्यक्रममा सुचना तथा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसँगै काठमाडौं महानगरका मेयर विद्यासुन्दर शाक्य, माननीय विशाल भट्टराई, व्यवसायी दिपक मलहोत्रा, काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायतको उपस्थिती रहने महासंघले जनाएको छ। यस्तै, कार्यक्रममा समाजमा उत्कृष्ट योगदान दिएका व्यक्तित्वहरु डा. सन्दुक रुइत र अनुराधा कोइरालालाई सम्मान गरिने समेत जनाईएको छ। कार्यक्रममा सहभागि हुन नेपाल मोवाईल व्यवसायी महासंघका अध्यक्ष भरत भट्टराईले सम्पूर्णमा आह्वान गरेका छन्। उनले ४० जिल्लामा विस्तार भएको संस्था २ वर्षको अबधिमा ७७ जिल्लामा संरचना विस्तार गर्ने जानकारी दिए। साथै, उनले नेपालमा छरिएर रहेका मोवाईल व्यवसायीलाई एउटै छातामुनि समेट्दै व्यवसायीले भोगेका समस्याका सम्बन्धमा सरोकारवाला समक्ष वकालत गर्ने र राज्य तथा नागरिकप्रतिको दायित्वबारे व्यवसायीलाई प्रतिबद्ध बनाउन महासंघको महत्वपूर्ण अभिभारा रहेको बताए। साथै उनले राज्यको निरन्तरको बेवास्ता, केही मोबाईल आयातकर्ता तथा कम्पनीको अस्पष्ट दृष्टिकोणले आजित भएका व्यवसायीले महासंघ आएसँगै केही राहतको महसुस गरेको दाबी समेत गरे।

**भूल सुधार**

मिति २०७८/१२/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **Baharain** मा वैदेशिक रोजगार शिर्षक, कम्पनीको नाम: **Lamasat Fan Tack Beauty Salon** चलानी नं: ६०१७७०२६ र **LT. No.: 260782,** पूर्व स्वीकृत मिति: २०७८/१२/१७ को विज्ञापनमा कामदारको पद **Beautician** को महिला माग संख्या ३ जना र **Hairdressers** को महिला माग संख्या २ जना हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

टाईगर ओभरसिज इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.
Govt. Lic. No. 335/059/060
Email: info@tigeroverse.com.np | Web: www.tigeroverse.com.np

**मोदीसँग...**

भने औपचारिक सहमति भएको छैन्। समझदारीमा हस्ताक्षर भएपछि मोदी र देउवाले संयुक्त पत्रकार सम्मेलन गरे। सम्मेलनमा प्रधानमन्त्री देउवाले सीमा विवादबारे आफुले संयन्त्र मार्फत् समाधान खोज्ने प्रस्ताव राखेको जानकारी दिए। 'हामीले सीमा समस्याबारे छलफल गरेका छौं। मैले यसलाई द्विपक्षीय संयन्त्रहरु मार्फत् समाधान गर्न प्रस्ताव गरेको छु' प्रधानमन्त्री देउवाको भनाइ थियो।

तर, भारतीय प्रधानमन्त्री मोदी भने सिमा विवादबारे मौन रहे। मोदीले भने न सीमा विवादको विषयमा छलफल भएको बताए, न संयन्त्रमार्फत् समाधान गर्ने नेपालको प्रस्तावबारे केही बोले। केही नबोल्नुले नेपालको चासो र प्राथमिकतालाई मोदीले सम्मान नै गरेको रुपमा बुझ्नुपर्ने कुटनीतिक मामलाका जानकारहरु बताउँछन्।

कुटनीतिक मामलाका जानकार दिनेश भट्टराई भन्छन्, 'नेपालले सीमा विवादबारे कुरा मात्रै राखेन समाधानका लागि संयन्त्रको प्रस्ताव गऱ्यो। यो चुच्चे नक्सा अनुसारको भूगोलमा नेपालको औपचारिक दाबी हो जो प्रत्यक्ष भेटमा भएको छ। यसलाई कुटनीतिमा निकै ठूलो अर्थमा हेरिन्छ।' भारत बोलेन नि ? भन्ने प्रश्नमा उनी भन्छन्, 'चित्त नबुझेको भए प्रतिरोध गर्दथ्यो। तर, गरेन।

यस पनि सकारात्मक नै लिनुपर्छ।' कुटनीतिक मामलाका जानकार रमेशनाथ पाण्डे पनि प्रधानमन्त्री देउवाको प्राथमिकतामा सीमा विवाद पर्नुले नेपाल-भारत सम्बन्ध र सीमा समाधानको पहलमा भएको ठूलो कदमका रुपमा अर्थ्याउँछन्।

'चुच्चे नक्सा ल्याउने तर, त्यस अनुसारको पहल नगर्ने, भारतलाई चिठी पठाउने रिप्लाई नआए चुपो लागेर बस्नेक्रमबाट नेपाल अगाडि बढेको छ' पाण्डे थप्छन्, 'जुन गतिमा अगाडि बढेको छ त्यही गतिमा सीमा समस्या समाधान गर्ने गरी जान सक्नुपर्ने चुनौती भने यथावत छ।' सीमा विवादबाहेक प्रधानमन्त्री देउवाले भारतसँग चाँदनी र दोधरामा एकीकृत भन्सार जाँच चौकी तथा सुख्खा बन्दरगाह बनाउने र नेपालगञ्जको एकीकृत भन्सार जाँच चौकी पूरा गर्ने विषयमा कुराकानी भएको उल्लेख गरे। महेन्द्रनगर, नेपालगञ्ज र जनकपुरबाट एयर इन्ट्री रुट माग गरे। भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन सहज बनाउन पनि भारतलाई आग्रह गरेको देउवाले बताए।

नेपालको विद्युत उत्पादन र निर्यातका लागि दुई देशबीचको ऊर्जा निर्यातमा दुई देशबीच उच्चस्तरको सहकार्य आवश्यक भएको बताएका प्रधानमन्त्री देउवाले ऊर्जा निर्यात सहकार्यलाई महत्व दिए।

**वार....**

गरे। शुक्रबार प्रधानमन्त्री देउवा भारत भ्रमणमा निस्किएका हुन्। गएको २९ असारमा प्रधानमन्त्री नियुक्त देउवाको यो पहिलो औपचारिक भारत भ्रमण हो। यसअघि गजुरातमा हुने एक कार्यक्रममा प्रधानमन्त्री देउवा भारत जाने कार्यक्रम तय भएको थियो। तर कोरोना महामारी उत्कर्षमा पुगेपछि गुजरातमा हुने कार्यक्रम नै रद्ध भएको थियो। उक्त कार्यक्रम रद्ध भएपछि प्रधानमन्त्री देउवाको भारत भ्रमण स्थगित भएको थियो। त्यो भ्रमणमा पनि समकक्षी मोदीसँग भेटवार्ता हुने कार्यक्रम तय भएको थियो।

**प्रधानमन्त्रीको ...**

भारतले २१औं शताब्दीको आर्थिक विकासमा फड्को मार्दै गरेको हुँदा नेपालमा लगानी गर्न र दुई देशबीचको आर्थिक सम्बन्ध अझ विस्तार गर्ने सम्भावना प्रशस्त रहेको उनले बताए।

कोभिड मारामारीका कारण आम जनजीवन र अर्थतन्त्र नराम्ररी प्रभावित बनेको अवस्थामा विदेशी लगानीलाई आकर्षित गर्न सरकारले सबै आवश्यक नीतिगत सहजता प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भ्रमणका क्रममा भएका विभिन्न सम्झौताले विद्युत् आदानप्रदान र रेल सेवा सञ्चालनमा सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे।

प्रधानमन्त्री देउवाले नेपालमा ठूला जलविद्युत् आयोजनाको निर्माण गरी भारतलगायत छिमेकी मुलुकमा ऊर्जा व्यापार गर्न सकिने सम्भावना रहेकाले यस क्षेत्रमा लगानी गर्न आग्रह गरे।

कन्फिडरेसन अफ इण्डियन इन्डिष्टिज सिआइआइले आयोजना गरेको उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले जलविद्युत्, पर्यटन, उत्पादनमूलक क्षेत्र र सूचना प्रविधिलगायत सेवा क्षेत्रमा प्रशस्त सम्भावना रहेको बताए। पछिल्ला वर्षमा भारतीय लगानी घटिरहेको सन्दर्भमा यसलाई बढाउन नेपाली निजी क्षेत्रले सहजीकरण गर्ने बताए।

सो अवसरमा सिआइआइका अध्यक्ष टीभी नरेन्द्रनले नेपाल भारतीय लगानीकर्ताका लागि आकर्षक गन्तव्य भएको र नेपालमा लगानी बढाउन सहजीकरण गर्ने बताए।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले लगानीका लागि भइरहेका प्रयासबारे जानकारी गराए।

कार्यक्रममा करिब ३० भारतीय बहुराष्ट्रिय कम्पनीको सहभागिता रहेको थियो भने विभिन्न करिब १५ कम्पनीका प्रमुख कार्यकारी अधिकृतले नेपालमा लगानीका सम्भावनाबारे चासो र अनुभव प्रस्तुत गरे।

**महन्थको ....**

प्रचारलाई नयाँ पन दिने उदेश्यले अध्यक्ष महत्थले रोड शो र स्वाभिमान सभा नाम दिएका हुन्। लोसपाले कुनै पनि दलसँग चुनावी तालमेल गर्नृ वातावरण बनेको छैन्। यही कारण लोसपा दबाबमा छ।

स्वाभिमान सभालाई सम्बोधन गर्दै अध्यक्ष ठाकुरले तालमेलबारेको अन्योलताबारे थप प्रष्ट पारे। 'अरु अरु पार्टी गठबन्धन तथा तालमेल बनाएर आगामी चुनावमा भाग लिन गइरहेका छन्। हामीले पनि जिल्ला तहका नेताहरुलाई त्यो अधिकार दिएका छौं। यदि तालमेल भयो भने ठिक छ। नभए एकलै चुनाव लडछौं' अध्यक्ष ठाकुरले भने।

वरिष्ठ नेता राजेन्द्र महतोले नश्लीय चिन्तनबाट राज्य सञ्चालन भइरहेकोले मधेशको पहिचान तथा हक अधिकार सुनिश्चित गर्न आफ्नो पार्टीले चुनाव जित्नु आवश्यक रहेको बताए।

## Invitation for Quotations

**Provincial Government**
**Ministry of Water Supply, Irrigation and Energy**
**Water Resources and Irrigation Development Division, Bhojpur**
**Province No. 1, Nepal**

**Invitation for Quotations for the "Construction of Staff Quarter Building of WRIDD, Bhojpur"**
**Contract Identification No: SQ01-WRIDD-BHP/Staff-quarter/ 078-79/01**
**Date of publication: 2078-12-20 (April 3, 2022)**

1. Water Resources and Irrigation Development Division, Bhojpur (WRIDD) invites sealed quotations for the Construction of Staff Quarter Building of the WRIDD Office located at Bhojpur. The estimated amount for the works is NRs. 15,46,528.62.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Resources and Irrigation Development Division, Bhojpur or may visit PPMO website www.bolpatra.gov.np.
3. Only electronic bid is allowed. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system i.e www.bopatra.gov.np/egp. Bidders should deposit the cost of bidding document of a non-refundable fee of NRs. 1000.00 in the following account:
   **Name of Bank: Rastriya Banijya Bank Limited, Bhojpur**
   **Name of Office: Water Resources and Irrigation Development Division, Bhojpur**
   **Office Code No.: 3370307011**
   **Account no.: 1000200010000**
   **Rajaswa (Internal Revenue) Shirshak No: 14229**
4. Sealed bids must be submitted through www.bopatra.gov.np/egp on or before 12:00 Hrs. on 2022-04-18. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs. on 2022-04-18 at the office of Water Resources and Irrigation Development Division, Bhojpur. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 40,000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. July 2, 2022). Alternatively, amount equal to the bid security may be deposited at the Dharauti account of Pradesh Lekha Ikayi Karyalaya, Bhojpur (Dharauti account No.: 2040100202030000) on behalf of Water Resources and Irrigation Development Division, Bhojpur (Office Code No.: 3370307011) at Rastriya Banijya Bank Limited, Bhojpur.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

# 'ऊर्जाको आन्तरिक खपत बढाउन आवश्यक'

**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि निजी क्षेत्रले निर्वाह गरेको भूमिकाको प्रशंसा गरेकी छन् ।

शनिबार काठमाडौंको भृकुटीमण्डपमा हिमालयन हाइड्रो एक्सपोको उद्घाटन गर्दै उनले ऊर्जाको विकासमा आगामी दिनमा निजी क्षेत्रले अझै बढी महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिन् ।

ऊर्जाको आन्तरिक रुपमा नै खपत बढाउँदै निर्यातको दिशामा केन्द्रित भएकामा राष्ट्रपतिले खुसी व्यक्त गर्दै समृद्ध नेपाल र सुखी नेपालीको सङ्कल्प पूरा गर्ने दिशामा केन्द्रित हुनसमेत आग्रह गरिन् ।

राष्ट्रपतिले जनसहभागितामा जलस्रोतको बहुआयामिक उपयोग गर्दै समृद्धिको मार्गमा अगाडि बढ्नुपर्नेमा जोड दिँदै सीमापार प्रसारण लाइनमार्फत नेपालको बिजुली विदेशी बजारमा निर्यातका लागि काम भइरहेकामा प्रसन्नता व्यक्त गरिन् ।

अझै पनि देशका विभिन्न स्थानका नागरिकले बिजुली बाल्न नपाएको तथ्य पेस गर्दै उनले हरेक घर र भान्छामा बिजुली पुग्ने वातावरण बनाउन सबैको सार्थक पहल आवश्यक रहेकामा जोड दिइन् । जलवायु परिवर्तनका कारण हिमालमा हिउँको मात्रा घट्दै



जानु चिन्ताजनक विषय भएको तथ्य पेस गर्दै राष्ट्रपति भण्डारीले जलवायु अनुकूलन तथा हरियाली प्रवर्द्धनमा जोड दिन सबैको ध्यानकर्षण गराइन् ।

राष्ट्रपति भण्डारीले जलस्रोतको बहुउद्देश्यीय प्रयोग हर्दै हरित अर्थतन्त्रको विकासमा केन्द्रित हुनुपर्नेमा जोड दिइन् । एकै पटक ठूलो लगानी लाग्ने र उत्पादनको अवधिसम्म प्रतिफल प्राप्त हुन गाह्रो हुने भएकाले साना तथा मझौला आयोजनामा निजी क्षेत्रले हात हालेको तथा त्यसमा उल्लेखनीय सफलता हासिल गरेकामा राष्ट्रपतिले ऊर्जा उद्यमीको भूमिका महत्वपूर्ण रहेको धारणा राखिन् ।

कार्यक्रममा वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादवले नेपालको ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि आफ्नो मन्त्रालयका तर्फबाट निर्वाह गर्नुपर्ने भूमिकामा खरो उत्रिएको र हरतरहले सहयोग गरेको बताए । उनले ऊर्जा क्षेत्रमा देशलाई आत्मनिर्भर बनाउन कानुनी, नीतिगत एवम् संरचनागत क्षेत्रमा गर्नुपर्ने सुधारका लागिसमेत आफू तयार रहेको उल्लेख गरे ।

मन्त्री यादवले आफूले मन्त्रालय सम्हालेपछि वन मन्त्रालयसँग जोडिएका कुनै पनि फाइल नरोकिएको र निजी क्षेत्रमैत्री व्यवहार गरेको स्पष्ट पारे । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष कमलेश अग्रवाल र नेपाल उद्योग परिसंघका उपाध्यक्ष कृष्णप्रसाद अधिकारीले निजी क्षेत्रमैत्री नीति तथा कानुनका कारण नेपालको ऊर्जा क्षेत्रमा उल्लेखनीय प्रगति भएको भन्दै अझै थप केही विषयमा सुधारको आवश्यकता औंल्याए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था ९इपान० का अध्यक्ष कृष्णप्रसाद आचार्यले देशको ऊर्जा क्षेत्रको विकासका लागि नयाँ अवसरको खोजी, प्रविधिको प्रयोग तथा लगानी आकर्षित गर्ने लक्ष्यका साथ एक्सपोको आयोजना गरिएको जानकारी दिए ।

एक्स्पोको उद्घाटन पूर्ववृहत विद्युतीय सवारी र्‍याली पनि आयोजना गरिएको थियो । देशकै सबैभन्दा ठूलो भनिएको हाइड्रो एक्स्पोमा विभिन्न विषय वस्तुमा तीनै दिन विभिन्न सत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञका बीचमा छलफल गर्ने कार्यक्रम तय भएको सो अवसरमा जानकारी दिइयो ।

शनिबार मात्रै जलविद्युत् आयोजना निर्माणमा नयाँ प्रविधि, उत्पादित विद्युतको बजारीकरण तथा यसका समस्या र हरित हाइड्रोजनका विषयमा छलफलको आयोजना गरिएको छ । तीन दिनसम्म चल्ने उक्त एक्स्पोमा जलविद्युत् क्षेत्रका नवीनतम् प्रविधिको प्रदर्शनीदेखि त्यससँग सरोकार भएका सबै विषयवस्तुमा बहस तथा छलफल गर्ने आयोजकले जनाएको छ ।

प्रवास डायरी

तिलु शर्मा पौडेल/मध्यान्ह

# लुम्बिनी प्रदेश समन्वय परिषद कतारको अध्यक्षमा पुनः पाण्डे

लुम्बिनी प्रदेश समन्वय परिषद कतारको दोस्रो अधिवेशन सम्पन्न भएको छ । विविध साँस्कृतिक कार्यक्रमसहित सम्पन्न अधिवेशनबाट बुद्ध पाण्डे पुनः दोस्रो कार्यकालका लागि अध्यक्ष पदमा निर्विरोध चयन भएका छन् ।

पाण्डेको नेतृत्वमा नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा डिल्लीराम भट्टराई, उपाध्यक्ष अख्तर हुसेन, महिला उपाध्यक्ष मनीषा खड्का, महासचिव टेक बहादुर थापा, सचिवद्वयमा सजन लौडारी र विकास गैरे, कोषाध्यक्ष देवराज पुन, सह कोषाध्यक्ष केशर बहादुर खत्री रहेका छन् । त्यसतै सदस्यहरूमा झविन्द्र आचार्य, लक्ष्मण पौडेल, विवश बेल्वासे, छविलाल परियार, नेत्र आचार्य, कृष्ण पन्थी, विश्वनाथ भट्टराई, बलराम जैसी र समुन्द्र खड्का निर्वाचित भएका छन् ।

स्वागत नृत्य शिभान्सी कुँवरले पेस गरेकी थिइन् भने सन्ध्या अर्याल, जिया हमाल, क्रिजल पन्थी, शान्ति वली लगायतले नृत्य र विकास सुनुवार, आयुस कुमाकी, दीपेन्द्र सुनुवार, मानसिंह परियार, सुरेश बिसी, विजयराज भट्टराई लगायतले आफ्नो सांगीतिक प्रस्तुति दिएका थिए ।

भट्टराईले तनहुँका स्पाइनल मस्कुलर एट्रोफी रोगबाट ग्रसित उस्मान अलिको उपचारमा आर्थिक सहयोग, गैर आवासीय नेपाली संघमार्फत नेपालमा कोरोना महामारीका बीच पठाइएको अक्सिजन सिलिन्डर पठाउन आर्थिक सहयोग र कोरोना कालमा कतारमा नेपाली नियोगसँग सहकार्य गरी थुप्रै राहत वितरण लगायतका कार्यहरू सम्पन्न गरेको प्रगति विवरण पेस गरेका थिए । उनले लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलमा समेत केही ट्रली



प्रदान गर्ने प्रक्रिया अगाडि बढेको समेत प्रतिवेदनमार्फत जानकारी दिए । २७ हजार ५ सय १९ रियाल आम्दानी गर्दै ७ हजार ८ सय ३० रियाल खर्चदै १९ हजार ६ सय ८९ रियाल बचत गरेको आयव्यय विवरण सह कोषाध्यक्ष देवराज पुनले अधिवेशनमा पेस गरेका थिए ।

अधिवेशनबाट लुम्बिनी प्रदेश भित्र रहेका सबै संस्था, पदाधिकारी तथा विभिन्न कालखण्डमा सहयोग गर्ने व्यक्ति, कलाकार तथा पत्रकारलाई सम्मान प्रदान गरिएको थियो ।

परिषदका अध्यक्ष बुद्ध पाण्डेको अध्यक्षता, परिषद्का प्रमुख सल्लाहकार तथा सामाजिक अगुवा कमलमणि गुरागाँईको प्रमुख आतिथ्यतामा सम्पन्न खुल्ला सत्रमा परिषदका वरिष्ठ उपाध्यक्ष ठाकुर कुमार परियारले स्वागत मन्तव्य राखेका थिए । परिषद्का महासचिव डिल्लीराम भट्टराईले कार्यक्रमको सहजीकरणका साथै प्रगति प्रतिवेदन समेत पेश गरेका थिए ।

# बिगुल सहकारीले मनायो १० औं साधारण सभा

**माधव बेल्बासे/मध्यान्ह**
कपिलवस्तु, १९ चैत

बिगुल बचत तथा ऋण सहकारी संस्थाको १० औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । कपिलवस्तुको शिवराज नगरपालिका-३ मदवामा रहेको सहकारीले नागरिकहरुलाई सहज रुपमा कर्जा उपलब्ध गराउनुका साथै सामाजिक कार्यहरु पनि गर्दै आइरहेको छ ।

साधारण सभामा लुम्बिनी प्रदेशसभा सदस्य अर्जुन कुमार केसीले सहकारीले समाज परिवर्तनका साथै जनताको जीवनस्तर उकास्नमा महत्वपूर्ण भूमिका खोलेको बताए । दश वर्षको अवधिमा सहकारीले करोडौं रुपैयाँको कारोवार गर्न सफल भएको बताउँदै उनले सामाजिक क्रियाकलापमा अधिकतम सहभागीता जनाउन आग्रह गरे ।

सहकारीका सदस्यहरुलाई क्षमता वृद्धि तथा आत्मनिर्भर बनाउन सीपमुलक तालिमहरु संचालन गर्नुपर्ने उनको जोड थियो । कोरोना भाइरसका कारणले अर्थतन्त्रमा केहि समस्याहरु देखा परेको भएपनि विस्तारै सहजता बन्दै जाने उनको भनाई थियो ।

शिवराज नगरपालिका उपप्रमुख शिवकुमारी थारुले सहकारीले



कृषिमा आत्मनिर्भर बनाउनका लागि नागरिकहरुलाई सहज रुपमा अनुदान लगाएतका काम गर्नुपर्ने बताइन् । सहकारीलाई व्यवस्थित रुपमा संचालन गर्नुपर्ने बताउँदै नगरको विकासमा सहकारीहरुको भूमिका महत्वपूर्ण हुने विश्वास व्यक्त गरिन् । शिवराज नगरपालिका-३ का वडा अध्यक्ष टेकलाल सापकोटाले वडामा सहकारीको स्थापनाले नागरिकमा बचत गर्ने बानीको विकास भएको बताए । यस्तै, व्यापार संघ कपिलवस्तुका अध्यक्ष महादेव पोखरेलले छोटो समयमा सहकारीले राम्रो उपलब्धी हासिल गरेको बताए । सहकारीका व्यवस्थापक ज्ञान बहादुर जिसीका अनुसार अहिले सहकारीले ३ करोड ८३ लाख बरावरको कारोबार गरिरहेको छ ।

गत वर्ष कोरोनाका कारणले सहकारी संचालनमा असहजता भएको उनको भनाई थियो । सहकारीका अध्यक्ष नरबहादुर पौडेलको अध्यक्षता, उपाध्यक्ष कोपिला न्यौपानेको स्वागत मन्तव्य रहेको कार्यक्रम बेलसिंह रावतले संचालन गरेका थिए ।

# कतारमा नेपाली श्रमिकलाई सचेतना

नेपाली श्रमिक कल्याणकारी संघ कतारले 'स्वास्थ्य तथा सुरक्षा सम्बन्धी सचेतना मूलक कार्यक्रम' सम्पन्न गरेको छ ।

संघले कतारमा रहेका श्रमिकहरूलाई सचेतना जगाउने उद्देश्यले काम गर्दा अपनाउनुपर्ने सुरक्षा नीतिका विषयमा प्रशिक्षण गराएको थियो । विमल सुबेदी र अमिर डाँगीले श्रब्यदृश्यसहित प्रशिक्षण दिँदै कामदारले अपनाउनुपर्ने सुरक्षा सम्बन्धी जानकारी गराएका थिए । प्रशिक्षकद्वय सुबेदी र डाँगीले कामदारले सुरक्षाको पूर्ण पालना नगर्दा दुर्घटना निम्तिन सक्ने भन्दै त्यसतर्फ सचेत गराएका थिए । सुरक्षको पूर्ण पालना नगर्दा कार्यस्थलमा बढी दुर्घटना हुने गरेको बताउँदै उनीहरुले सुरक्षाका सबै संयन्त्र अपनाएर काम गर्न आग्रह गरेका थिए ।

स्वास्थ्य सम्बन्धी जानकारी दिँदै डाक्टर



मोहम्मद मोदसिर आलामले गर्मी मौसमको सुरुवात हुन लागेकाले स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गरे । संघका अध्यक्ष देव लम्सालको अध्यक्षता तथा सुरत शाहीको सहजिकरणमा सम्पन्न भएको कार्यक्रममा डाक्टर आलामले शरीरले चाहेजति पानी पिउनुपर्ने बताउँदै चिसो-तातोबीचको सन्तुलन मिलाउनसमेत आग्रह गरेका थिए ।

# महाराजगञ्जका जनप्रतिनिधि र कर्मचारी सम्मानित

**कपिलवस्तु-मस-** कपिलवस्तुको महाराजगञ्ज नगरपालिकाले पालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिलाई सम्मान गरेको छ । आसन्न स्थानीय तहको निर्वाचनसँगै २०७४ सालमा निर्वाचित भएका जनप्रतिनिधिहरूलाई नगरप्रमुख अब्दुल कलामले नगरको विकासमा सहयोग गरेको भन्दै सम्मान गरेका हुन् ।

५ वर्षको अवधिमा विवादरहित नगरपालिकाको रूपमा चिनाउन सफल भएकोमा सम्पूर्ण जनप्रनिधिहरुलाई धन्यवाद दिँदै नगरप्रमुख कलामले कतिपय पालिकाका जनप्रतिनिधिहरू विकासको वाधक भएको उदाहरण समेत पेश गरेका थिए । ५ वर्ष अघिको महाराजगञ्ज नगर अहिलेको महाराजगञ्ज तुलना गर्न आग्रह गर्दै उनले नगरमा रहेका एक सय गाउँ किचड मुक्त बनाउने अभियान शुरु गरेको बताए । 'गाउँ पुग्ने र गाउँ भित्रका गल्लीहरू आरसीसी, पक्की लगायतका काम भइरहेको छ ।' कलामले भने 'गाउँ पुग्ने सडकसमेत नभएका ठाउँहरूमा अहिले पक्की बाटो पुगेको छ ।' कोभिडको बेला नगरका विद्यालयहरू



क्वारेनटाइन तथा आइसलेसनको रूपमा प्रयोग गरेर नागरिकहरूलाई सहज वातावरण सिर्जना गरेको बताए । स्वास्थ्य चौकीका भवनहरू निर्माण गरेर वर्थिङ सेन्टर, आर्वेद औषधालय लगायत अस्पतालहरू सञ्चालनमा रहेको बताए । १५ शैयाको अस्पतालको निर्माणको काम केही दिनमै शुरु हुने उनको भनाई थियो ।

अस्पताल निर्माण पश्चात बुटवल, भैरहवा, तौलिहवा लगायतका ठाउँमा उपचारको लागि जाने बाध्यता हट्ने कलामको विश्वास थियो । सिवाभारीमा भारतीय दूतावासको सहयोगमा ४ करोडको लागतमा विद्यालय भवन निर्माण भएको छ । दुई तले अत्याधुनिक भवन निर्माण भएको बताउँदै उनले विद्यार्थीहरूलाई शिक्षण सिकाईमा सहजता आउने बताए । कार्यक्रममा उपप्रमुख सुभावती कुर्मीले सम्मान कार्यक्रमले कर्मचारीहरूको मनोबल बढ्ने बताइन् । नागरिकहरूको सेवामा खटिएका जनप्रनिधिहरुलाई सम्मान गरिएको बताउँदै ५ वर्षको अवधिमा उल्लेखनीय काम गरेकोमा सबैलाई धन्यवाद दिइन् । नगरपालिकाले ३५ जना कर्मचारी र ५८ जना जनप्रनिधिहरुलाई नगदसहित सम्मान पत्रका साथमा दोसल्ला ओढाएर सम्मान गरेको थियो ।

# धनगढीमा 'प्रबुद्ध नागरिक गोष्ठी'

**धनगढी/मस–** हिन्दू राष्ट्र स्वाभिमान जागरण अभियानले 'प्रबुद्ध नागरिक गोष्ठी' एवं साहित्य परिचय कार्यक्रम सम्पन्न गरेको छ ।

कैलालीको धनगढीमा आयोजित उक्त गोष्ठीमा अभियानद्वारा अहिलेसम्म प्रकाशित साहित्यबारे जानकारी गराउँदै इतिहास, संस्कृति, परम्परा र जनसंख्याको आधारमा नेपाल स्वयंसिद्ध हिन्दू राष्ट्र नै रहेकोले अब समाजले यसलाई आफ्नो दायित्वको रुपमा स्वीकार गरोस् भन्ने आग्रह समेत गरिएको थियो । गत भदौ ३ गते पूर्व प्रधानसेनापति रुक्माङ्द कटवालको संयोजकत्वमा यो अभियान शुरु भएको हो ।

प्रमुख अतिथि पूर्वप्रधानन्यायाधीश गोपाल पराजुली, अभियानका केन्द्रीय सदस्य तथा पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक कल्याण तिमल्सिना, हिन्दू स्वयंसेवक संघका जिल्ला संघचालक हिरा कँडेल र व्यवसायी तथा समाजसेवी गोपाल हमाल सहितको आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा स्वागत मन्तव्य प्रताप बुढाद्वारा राखिएको थियो भने कार्यक्रमको संयोजकत्व कैलाश दाहाल गरेका थिए ।

स्वागत मन्तव्य दिँदै प्रताप बुढाले समाजको हरेक क्षेत्रमा असल व्यक्तिको आवश्यकता रहेको जनाउँदै राम्रो चरित्र र धैर्य धारण गर्न सके मात्र परिवर्तन सम्भव हुने बताए । व्यवसायी तथा समाजसेवी गोपाल हमालले धर्मबारे गलत प्रचार बढी भएको बारे चर्चा गर्दै हिन्दुहरूलाई संगठित हुनुपर्नेमा



जोड दिए ।

जिल्ला संघ चालक हिरा कँडेलले समाजमा अझैपनि जातीय संकीर्णता कायम रहेको तथा धर्मबारे कुरा गर्दा आफु तल पारिन्छ भन्ने गलत मानसिकता हावी रहेको चर्चा गरे ।

पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक कल्याण तिमल्सिनाले देउडा, गौरा जस्ता साँस्कृतिक तथा धार्मिक पहिचान रहेको सुदूरपश्चिमले आफ्नो अखण्डता जोगाउन लागिपरेको जस्तै अहिले हिन्दुत्वका लागि लाग्नुपर्ने बेला आएको बताए । शासन व्यवस्था जुन सुकै भएपनि हिन्दु राष्ट्र कायम हुनुपर्ने उल्लेख गर्दै उनले संविधानमा नलेखे पनि पहिचान र जनसंख्याको आधारमा नेपाल स्वयंसिद्ध हिन्दु राष्ट्र रहेको दाबी समेत गरे ।

प्रमुख अतिथि पूर्वप्रधानन्यायाधीश गोपाल पराजुलीले बाह्य प्रभाव र केही अज्ञानता वंश नेपाल धर्म निरपेक्ष भएको तर्क प्रस्तुत गर्दै यसैकारण अनेकौ गल्ती भइरहेको बताए । विश्वमा ११८ इसाई, ५७ इस्लामिक र ९ वटा बुद्धिष्ट राष्ट्र भएपनि ११० करोड आवादी भएको हिन्दु राष्ट्र खोई भन्ने प्रश्न गर्दै उनले विन्ती र विद्रोह गर्न कसैले छेक्न नसक्ने दावी समेत गरे ।

समाजको विभिन्न क्षेत्रबाट सहभागी उक्त कार्यक्रमलाई संयोजक कैलाश दाहालले आभार प्रकट गर्दै आमन्त्रित अतिथि तथा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# बाँकेमा करिब डेढ लाखलाई टाइफाइड विरुद्धको खोप

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, १९ चैत

बाँकेमा करिब डेढ लाख बालबालिकालाई टाइफाइडविरुद्धको खोप लगाइने भएको छ ।

सरकारले चैत २३ गते देखि वैशाख २८ गतेसम्म घोषणा गरेको टाइफाइडविरुद्व राष्ट्रिय खोप अभियान अन्तर्गत बाँकेमा



एक लाख ४८ हजार ९ सय ३३ जनालाई खोप लगाउने तयारी भएको स्वास्थ्य सेवा कार्यालय बाँकेले जनाएको छ । १५ महिनादेखि १५ वर्ष उमेरका बालबालिका र विद्यार्थीहरुलाई खोप लगाउने तयारी शुरु थालिएको छ । दुई सयभन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयलाई खोप केन्द्र तोकेर खोप लगाउने तयारी भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
२० चैत २०७८, आइतबार
3 April 2022, Sunday

## सम्पादकीय

# भ्रमणहरूकै समीक्षा

प्रधानमन्त्री शेरबहादुर देउवाको तीन दिने भारत भ्रमणका क्रममा फेरि केही महत्वपूर्ण सहमति भएको छ । शनिबार समकक्षी नरेन्द्र मोदीसँग भेट गरेका प्रधानमन्त्री देउवाको भ्रमणका क्रममा जनकपुर–जयनगर रेल उद्घाट भएको छ । देउवा र मोदीले रेलको संयुक्त उद्घाटन गरेका हुन् । यो रेल सेवा नेपालको बर्दिबाससम्म बिस्तार गर्ने तयारी भइरहेको छ । लामो समय बन्द रहेको जनकपुर–जयनगर रेल सेवा भने शनिबार भएको हो । यसबाहेक बहुउद्देश्य पञ्चेश्वर परियोजना अगाडि बढाउने सहमति भएको छ । देउवा नै प्रधानमन्त्री हुँदा २०५२ मा महाकाली सन्धी भएको थियो । उक्त सन्धी अनुसार पञ्चेश्वर बहुउद्देश्य परियोजना अगाडि बढाउने सहमति भएको हो । २६ वर्ष पहिले सहमति भएर पनि डीपीआर समेत नबनेको पञ्चेश्वर अगाडि बढाउने सहमति भ्रमणका क्रममा भएको छ ।

भ्रमणका क्रममा प्रधानमन्त्री देउवाले नेपाल–भारत सीमा समस्या हल गर्न संयन्त्र निर्माण गर्न प्रस्ताव गरेका थिए । तर भारतले भने यो विषयमा बोलेन । भारतले नेपाली भूमि अतिक्रमण गरी चीन जोड्ने सडक निर्माण गरेपछि नेपालले पनि नयाँ नक्सा जारी गरेको छ । लिम्पियाधुरा सहितको भूमि समेटेर नेपालले राजनीतिक–प्रशासनिक नक्सा जारी गरेको छ । भारतले सडक निर्माण अगाडि नेपालको भूमि समेटेर नक्सा समेत सार्वजनिक गरेको थियो । जवाफमा नेपालले नयाँ नक्सा जारी गरेपछि दुई देशबीच सीमाको विषयमा विवाद भइरहेको छ । त्यसबारे प्रधानमन्त्री देउवाले संयन्त्र निर्माणको प्रस्ताव राखेका छन् ।

तर सीमा समस्याबारे संयन्त्रको प्रस्ताव बाहेक प्रधानमन्त्री मोदीले ध्यान दिएका छन् । लामो समयदेखि चर्चामा रहेर पनि गति लिन नकसेको पञ्चेश्वर अगाडि बढाउने, रेल सेवा सञ्चालन गर्ने जस्ता विषयमा प्रधानमन्त्री मोदीको चासो देखिएको छ । सीमाबारे नबोल्ने, तर बाँकी विषयमार्फत् सम्बन्ध सुधारको प्रस्ताव भारतले जोड दिने गरेको नयाँ होइन । नेपालबाट भारत भ्रमण होओस् अथवा भारतका शीर्ष नेतृत्वले नेपालको भ्रमण गर्दा सम्बन्ध सुधार र विकासे परियोजनाबारे प्रतिबद्धता जनाउने, सहमति तथा सम्झौता हुने गरेको छ । तर कार्यान्वयनमा भने हद विलम्ब हुने गरेको तथ्य पञ्चेश्वर पनि एक हो । त्यसैले भ्रमणहरूकै समीक्षा गर्दै दुई देशबीचको सम्बन्ध सुधारमा विशेष जोड दिन जरूरी छ ।

## सामाजिक सञ्जाल



**- जैनेन्द्र जीवन**

सरकार यी पेट्रोलियम व्यवसायीहरूलाई अत्यावश्यक सेवाको कानुन लगाएर यिनलाई जेल हाल र यिनका ट्यांकर र पेट्रोल पम्प जफत गरेर सेना लगाएर भए पनि आपूर्ति सुनिश्चित गर त ! ऐले पनि नगरे त्यो कानुनको प्रयोग कैले गर्ने ? वैश्यिक संकटका बेलामा कमिशन बढाउन ब्ल्याकमेल गर्ने ?



**- बाबुलाल भण्डारी**

भारतसँग हाम्रा ठूला ताता समस्याहरू छन् । आफैले गठन गरेको इपीजी प्रतिवेदन नबुझ्झी अल्मल्याउनेसम्मको निकृष्ट काम भएको छ । तापनि न्यायोचित राजनैतिक र कुटनैतिक सम्बन्धबाटै अगाडि बढ्ने बाध्यता छ । देउवाले यस 'सद्भावना' भ्रमणमा मोदीको 'दुर्भावना' मात्र देख्ने स्थिति नबनोस् !



**- रामेश कोइराला**

कोही उत्तरको राजनीतिक दलको कार्यालय पुग्ने, विदेशी दलसँग सहकार्य गर्दै प्रशिक्षण लिने अनि कोही दक्षिणको दलको कार्यालय जाने । ऊ बेला लालुको दरबार अघिका कुर्सीमा विराजमानहरूलाई खिस्सी उडाएकामा आज मलाई नै लाज भो । मौका पाए त्वंशरणम् गर्न यी सब कोभन्दा को कम नै रछन् ।



**- शैलेन्द्र थापा**

भलै आयल निगम घाटामा नै गएको किन नहोस् तर, पेट्रोलियम व्यवसायीले करोडौं कमाएका छन् तर, यतिले नि नपुगेर यस्तो अप्ठ्यारो अवस्थामा आफ्नो कमिसन बढाउन माग गर्दै पेट्रोलियम पदार्थको ढुवानी ठप्प पार्नेलाई कारबाही गर सरकार भन्न मन थियो । दुःखको कुरा देशमा सरकार नै कहाँ छ र ?



**मानबहादुर गिरी**
प्रशासकीय अधिकृत, नलगाड नगरपालिका, जाजरकोट

# स्थानीय सरकार परिवर्तनको अनुभूति दिन सफल देखिए

स्थानीय निकायको पाँच वर्षे कार्यकाल सकिँदै छ । पहिलो कार्यकालमा स्थानीय निकायहरुले विकास निर्माणदेखि जनतालाई सेवा पुऱ्याउने विषयमा के-कस्तो भूमिका खेलेका छन् ? के स्थानीय निकायको भूमिका सन्तोषजनक छ ? साथै, स्थानीय निकायलाई सेवा प्रवाहमा देखिएका समस्या के-कस्ता छन् । हामीले नलगाड नगरपालिका जाजरकोटका प्रशासकीय अधिकृत **मानबहादुर गिरी**सँग स्थानीय तहको ५ वर्षे भूमिकाबारे केही कुराकानी गरेका छौं । अधिकृत गिरीसँग गरिएको कुराकानीको सम्पादित अंश :

**स्थानीय तहको निर्वाचनको माहोल बन्दै गर्दा नलगाड नगरपालिकाले दिने सार्वजनिक सेवालाई कसरी प्रवाह गरिरहनु भएको छ ?**

स्थानीय तहको निर्वाचन ५ वर्षे कार्यकाल बित्दै गर्दा संविधानवादको सिद्धान्तअनुसार आवधिकरूपमा पुनः निर्वाचन गर्नु संवैधानिक प्रावधान हो । सार्वजनिक सेवा सार्वजनिक प्रशासनले गर्ने कार्य हो । स्थानीय सरकारले निर्माण गरेको नीति कार्ययोजना, बजेटको आकार र यसको कार्यान्वयन तालिकाअनुसार सार्वजनिक सेवा प्रवाह भैरहेको छ । संघ, प्रदेश र स्थानीय तहका कानूनी प्रावधानको बाटोबाट गरिने कार्यहरू तत् तत् अवस्थामा कार्यान्वयन भइरहेका छन् । संविधानतः प्राप्त अधिकारहरू (एकल तथा साझा) अधिकारलाई सार्वजनिक सेवामा रूपान्तरण गरेर प्रशासनिक रूपमा सेवा प्रवाह गर्दै आएका छौं ।

सार्वजनिक सेवालाई तोकेको कानुनले निर्देशित गरेअनुसार नागरिक मैंत्री, अपांगमैत्री, लैङ्गिकमैत्री र समावेशी बनाउने कोसिस गरेका छौं । अर्को तर्फ, निर्वाचनको व्यवस्थापन पक्षमा समेत स्थानीय तहको तर्फबाट गर्नुपर्ने सहयोग गरिरहेको अवस्था छ । निर्वाचनको मिति घोषणा भएसँगै जनप्रतिनिधिहरू त्यसतर्फ आर्कषित हुनुहुन्छ, तर नीतिगतरूपमा गर्नुपर्ने कार्यहरू उहाँहरूबाट भइरहेको र कार्यान्वयन पक्ष प्रशासनिक रूपमा कर्मचारीहरूको तर्फबाट स्वतः स्फुर्त रूपमा भइरहेको अवस्था छ ।

**नलगाड नगरपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, सडक र सामाजिक सुरक्षालगायतको क्षेत्रमा हासिल गरेका खास उपलब्धिहरु के हुन् ?**

यस नगरपालिकाले विकासका मुख्य पूर्वाधारहरू व्यवस्थित गर्न भरमग्दुर प्रयास गरेको छ । शिक्षामा न्युनतम सक्षमताको अवस्था सुधार गर्न संघीय सरकारको सशर्त बजेट, प्रदेश सरकारको अनुदान र स्थानीय सरकारको बजेट प्रभावकारीरूपमा परिचालन गरेर बिनियोजन कुशलता र कार्यान्वयन दक्षता हासिल गर्ने कोसिस गरिएको छ । विद्यालयको भौतिक व्यवस्थापन र शैक्षणिक कार्यको व्यवस्थापनमा समग्र शैक्षिक क्रियाकलापहरू केन्द्रीत छन् । स्वास्थ्यको क्षेत्रमा विगतमा रहेका ६ वटा स्वास्थ्य संस्थाहरूबाट १६ वटासम्म विस्तार भएका छन । जनशक्ति व्यवस्थापनमा स्थानीय तहको अनुदानबाट करारमा व्यवस्था गरिनुका साथै स्थायी जनशक्तिसमेत परिचालन गरीएको छ ।

नगरको केन्द्र दल्लीमा १५ शैयाको अस्पताल निर्माण हुँदैछ । स्वास्थ्य संस्थाहरूमा न्यूनतम सक्षमताको अवस्था सुधार गर्ने तथा औषधी, अपकरण प्रबन्ध गर्ने कार्यमा जोड दिइएको छ । नगर अस्पतालबाट एक जना डाक्टरसहितको टिमले स्वास्थ्य सेवा दिइरहेको छ । बिरामी ओसारपसार गर्न एम्बुलेन्ससमेत चौबिसै घण्टा तयारी अवस्थामा रहेको हुन्छ । त्यसै गरी कृषि क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहको बजेट बिनियोजन गरी एक वडा एक पकेट क्षेत्र कायम गरिएको छ ।

खाद्य तथा नगदे बाली उत्पादन र संरक्षणमा जोड दिइएको छ । कृषक सहायताका लागि उपलब्ध कृषि प्राविधिकहरू परिचालन गरिएको अवस्था छ । मौरीपालन, पशुपालनलाई समेत प्राथमिकतामा राखिएको छ । पशुपालन र कृषिमा संलग्न समूह, सहकारीलाई अनुदान दिने कार्य भइरहेको, कृषिलाई प्रबर्द्धन गर्न साना तथा ठूला सिंचाई आयोजनाहरू समेत निर्माण भइरहेको अवस्था छ । त्यसैगरी विभिन्न बीउ बिजनहरू वितरण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

सडकतर्फ संघ सरकारको पहलमा जाजरकोट डोल्पा राजमार्ग कालोपत्रे गर्नको लागि आवश्यक कार्य भइरहेको, यस बाट अन्य वडाहरूमा समेत सडक सञ्जाल विस्तार गरिएको छ । १३ नम्बर वडा, जुन अत्यन्त विकट छ त्यो बाहेक अन्य सबै वडामा सडकको पहुँच पुगेको छ । ट्रयाक खोलिएका सडकहरूको स्तर उन्नती गर्ने र आवश्यक भएका ठाउँहरूमा नयाँ ट्रयाक खोल्ने कामलाई प्राथमिकतामा राखिएको छ । यस नलगाड नगरपालिकाको केन्द्र दल्लीमा बन्दै गरेको नलगाड हाइड्रोपावर जलाशयसम्म पुग्ने र जुम्ला सडकसम्म जोड्ने पर्यटनमार्गसमेत विस्तार भएको छ । हालसम्म करीब १०१ किलोमिटर सडक निर्माण भएको तथ्यांक छ ।

यहाँका विभिन्न बस्तीमा साना र हल्का सवारी साधनहरू पुग्न सक्ने अवस्था छ भने रिम्नादेखि तल्लुवगरसम्म नियमित रूपमा दिवा यातायात सेवा तथा रात्रीकालीन यातायात सेवा सञ्चालनमा छ । तथापी भौगोलिक कठिनाइका कारण सबै मौसममा यातायात सञ्चालन गर्न समस्या रहेको छ । नदीहरूमा मोटरेवल पुल नभएको समस्याका कारण यातायात सुविधा असहज रहेको भन्न सकिन्छ । सामाजिक सुरक्षातर्फ सामाजिक सुरक्षाभत्ता लाभग्राहीको खातामा निकासा दिने कार्य गरिएको छ । बैंकिङ्ग पद्धतिबाट सामाजिक सुरक्षा भत्ता प्रदान गरिन्छ । अन्य सबै प्रकारका भत्ताहरू यसैगरी प्रदान गरिएको छ । आ.ब. २०७८/०७९ को दोस्रो चौमासिकसम्मको सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने काम पुरा गरिएको छ । विपन्न तथा दिर्घ रोगिहरूलाई औषधी उपचार खर्च यस सम्बन्धि कार्यविधिअनुसार दिने गरिएको छ । त्यसै गरी प्रदेश सरकारबाट सञ्चालित छोरी सुरक्षा कार्यक्रमअन्तर्गत बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यान्वयन गर्न ४७५ खाताहरू सञ्चालन गरिएको छ र यो कार्य निरन्तर रहेको छ । सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत खरको छाना विस्थापित गर्ने र टिनको पाताले छाना छाउन अनुदान दिने कार्य भइरहेको छ ।

**नगरपालिकामा भइरहेका काम वा योजना कसरी सञ्चालन भएका छन् भन्ने धेरैको चासोको विषय पनि हो, अहिले कुन-कुन योजनाहरु कसरी कार्यान्वयन भइरहेका छन् ?**

आर्थिक वर्ष २०७८/०७९मा संघ प्रदेश र स्थानीय सरकारको बजेटबाट निर्माण गर्नुपर्ने आयोजनाहरू नगरसभाबाट पारित भएअनुसार ठेक्का एवम् उपभोक्ता समिति गठन गरेर

> स्थानीय सरकार संघ सरकारको समानान्तर सरकार हो । भर्खरै मात्र व्यवस्थापनको क्रममा रहेको हुनाले तमाम कुराहरू प्रबन्ध गर्नुपर्ने अवस्था छ तथापी, विकास व्यवस्थापनको आधुनिक पक्षलाई विचार गरेर नै उचित प्रबन्ध गर्ने प्रयत्न भइरहेको छ । प्राप्त स्रोत साधनको उचित सदुपयोग गर्ने सम्बन्धमा सबैको सहयोग लिने प्रयाससमेत गरिएको छ ।

कार्यान्वयन हुँदैंछन् । यसमा एक वर्षीय एवं बहुवर्षीय आयोजनाहरू रहेका छन् । आयोजनाहरूको सफल कार्यान्वयन गर्न टेक्निकल सपोर्ट निरन्तर रहेको छ । ईन्जिनियर र अन्य प्राविधिकहरू परिचालित छन् । हाल सबै वडामा प्रशासकीय भवनहरू र नगरपालिकाको मुख्य प्रशासकीय भवन निर्माण भएको अवस्था छ । सबै क्षेत्रका आयोजनाहरू यसरी नै द्रुत गतीमा निर्माण हुँदै गएको देखिन्छ ।

**योजना निर्माणका लागि आवश्यक पर्ने उपभोक्ता समिति गठन गर्दा नगरपालिकामा अस्वस्थ खेल र दलीय हस्तक्षेप भएको गुनासोहरु पनि छन् खास के हो ?**

आयोजनाहरू कार्यान्वयन गर्दा गठन हुने उपभोक्ता समितिहरू सम्बन्धित वडामा छलफल गरेर समावेशी हुने गरी तोकिएअनुसारको प्रावधानबमोजिम वडा कार्यालयको सिफारिसमा गठन गर्ने व्यवस्था छ । यसको बारेमा वडाले आवश्यक कार्य गर्छ । हालसम्म यस बारेमा कुनै गुनासो तथा उजुरी प्राप्त भएको देखिदैंन । सामान्यतः आउने गुनासाहरू वडाले नै समाधान गर्ने गरेको छ । विशेष गरेर राजनीतिक रूपमा प्रभाव परी यस्ता समितिहरू बन्ने गरेको गुनासो भने सुन्न पाइन्छ ।

**नगर प्रमुख र कर्मचारी वृतका पदाधिकारीहरुबाट साधन स्रोतको सही परिचालन नभई दुरुपयोग भएको जनमानसमा असन्तुष्टी छ भन्ने कुरा बाहिर आएको छ बताइदिनुहोस् न ?**

स्थानीय तहका पदाधिकारीहरू र कर्मचारीहरू सरकार सञ्चालनका मुख्य हिस्सेदारहरू हुन् । स्थानीय तह मातहत रहने साधन स्रोत व्यवस्थापन गर्ने कार्य नीतिगत रूपमा नगरसभा एवं कार्यपालिका बैठकले गर्ने गर्दछ । यस नलगाड नगरपालिकाले साधन र स्रोतको परिचालन र उपयोग आवश्यकताको आधारमा नै गर्ने गरेको अवस्था छ । समिति स्रोत र साधनको दुरूपयोग गर्दा अन्य अत्यावश्यक पक्षहरूमा कमी हुँदै जाने भएकाले पनि त्यसको बारेमा विभिन्न कार्यविधिहरू समेत बनेका छन् र त्यसले निर्देशित गरेअनुसार नै कार्य गर्ने गरिएको छ ।

स्थानीय सरकार संघ सरकारको समानान्तर सरकार हो । भर्खरै मात्र व्यवस्थापनको क्रममा रहेको हुनाले तमाम कुराहरू प्रबन्ध गर्नुपर्ने अवस्था छ तथापी, विकास व्यवस्थापनको आधुनिक पक्षलाई विचार गरेर नै उचित प्रबन्ध गर्ने प्रयत्न भइरहेको छ । प्राप्त स्रोत साधनको उचित सदुपयोग गर्ने सम्बन्धमा सबैको सहयोग लिने प्रयाससमेत गरिएको छ ।

**केन्द्र सरकारले आन्तरिक ऋण लिएर पठाएको अनुदान स्थानीय तहले खर्च गर्न नसकेको गुनासो हुन्छ, नलगाड नगरपालिकाको अवस्था के हो ? बताई दिनुहोस् न ?**

स्थानीय सरकारलाई संघीय अनुदान (समानीकरण, सर्शत, सम्पुरक र विशेष) त्यसै गरी प्रदेशको विभिन्न अनुदान, रोजगार तर्फको बजेट, राजश्व बाँडफाड एंव स्थानीय सरकारको आन्तरिक स्रोतसमेतको कुल बजेट बाट वार्षिक बजेट बन्ने गरेको छ । नेपाल सरकारले जिडिपीको ४० प्रतिशत सार्वजनिक ऋण लिएको तथ्यांक छ । त्यसरी प्राप्त बजेटको सदुपयोग गर्नु हरेक तहका सरकार एवं सम्बद्ध सबै पक्षको कर्तव्य हो । यस नगरपालिकामा प्राप्त बजेट सदुपयोग भएर नै विकासका पूर्वाधारहरू व्यवस्थित हुँदै आएका छन् ।

कठिन परिस्थितिमा बाहेक अन्य अवस्थामा बजेट खर्च कमजोर भएको छैन् । पुँजीगत खर्च करिब ५१ प्रतिशतसम्म भएको देखिन्छ । विगतमा कोभिड १९ को कारण बजेट खर्च केही कम भएको भए पनि यस आर्थिक वर्षमा खर्चको दर शत प्रतिशत हुन सक्ने अवस्था देखिन्छ । बजेट बिनियोजनमा भएको कुसलता र कार्यान्वयन दक्षता अभिवृद्धि गर्न गरिएको प्रयासले खर्चमा कमी नआउनुको साथै अपेक्षित उपलब्धीसमेत हासिल हुँदै आएको महसुस गर्न सकिन्छ । बितेको ५ वर्षको अवधिमा भएको परिवर्तनले पनि यो अवस्था देख्न सकिन्छ ।

**यो चौमासिक नजिक आइपुग्दा कुल बजेटको जम्मा कति प्रतिशत खर्च भएको छ ?**

आर्थिक वर्ष २०७८/०७९ को तेस्रो चौमासिकमा हामी प्रवेश गरेका छौं आयोजनाहरू सम्पन्न हुने क्रममा छन् । अनुदान प्रणालीमा जाने बजेट पनि निकासा प्राप्त भएअनुसार भुक्तानी दिने गरिएको छ । नलगाडमा करिब ५१ प्रतिशत पुँजीगत र ४८ प्रतिशत चालु बजेट हालसम्म खर्च भएको अवस्था छ ।

**स्थानीय तहको चुनावले बजेट कार्यान्वयनमा केही असर पर्ने देखिन्छ ?**

आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन घोषणा भएको छ । यसले राजनीतिक रूपमा नयाँ संवेग जागृत भए पनि बजेट कार्यान्वयनमा नयाँपन छैन किनकि बजेट विनियोजन यस पूर्व नै भइसकेको छ । अब बिनियोजित बजेटलाई कार्यान्वयन गर्ने कार्ययोजना सफल बनाउने विषय मात्र हो । यसलाई प्रशासनले कार्यान्वयन गर्ने कुरा हो जुन स्वतः स्फुर्त कार्यान्वयन भईरहेको छ । निर्वाचन कार्यक्रमले प्रभाव पारेको छैन् । सम्झौता भएका आयोजनाहरू सम्पन्न हुने क्रममा रहेका छन्, भने अन्य तोकिएको समयमा निकासा दिनुपर्ने अनुदान पनि जहाँ-जहाँ निकासा दिनुपर्ने हो उक्त कार्य भइरहेको अवस्था छ । त्यसका लागि प्रशासनिक कार्य कर्मचारीहरूबाट भइरहेको छ ।

सन्निकटताको सिद्धान्तअनुसार नागरिकको घर दैंलोमा नजीकबाट सेवा प्रवाह गर्न संघीयताको मर्मअनुसार गठन भएका स्थानीय सरकारहरूको पहिलो अवधि समाप्त भएको छ । ५ वर्षे कार्यकालको मूल्यांकन गरी आगामी कार्यदिशा तय गर्नुपर्ने समय आएको छ । वित्तीय संघीयता, प्रशासनिक संघीयता र राजनीतिक संघीयतामा रहेका अष्पस्टताहरू, कानुनी जटिलताहरूका कारण पहिलो अवधि केही समस्याहरूमा अल्झिए पनि यस नगरपालिकामा करीब ७८ वटा कानुनहरू निर्माण भएका छन् ।

जनप्रतिनिधि र प्रशासनबीच राम्रो सहकार्यात्मक सम्बन्ध छ जसका कारण पनि केही उल्लेख गर्न लायक उपलब्धिहरू हासिल भएको भन्न सकिन्छ । स्थानीय सरकारलाई व्यवस्थित गरी परिवर्तनको अनुभूति दिन तमाम कानुनी र प्रशासनिक समस्याहरू रहेका छन । यस अवधिमा आवधिक योजना र मध्यमकालीन खर्च संरचना बन्ने प्रक्रियाको शुरूवात भएको छ । आरम्भ भएका कार्यहरू यही गतिमा अगाडी बढ्दै गएमा यस नगरपालिकाले उच्चतम उपलब्धि हासिल गर्ने आशा गर्न सकिन्छ र माथिका सबालहरूमा थप वित्तीय एवं भौतिक प्रगतिको सुनिश्चितता हुने आशा गर्न सकिन्छ ।

> पाँच वर्षे अवधिमा आवधिक योजना र मध्यमकालीन खर्च संरचना बन्ने प्रक्रियाको शुरूवात भएको छ । आरम्भ भएका कार्यहरू यही गतिमा अगाडी बढ्दै गएमा स्थानीय तहले उच्चतम उपलब्धि हासिल गर्ने आशा गर्न सकिन्छ र माथिका सबालहरूमा थप वित्तीय एवं भौतिक प्रगतिको सुनिश्चितता हुने आशा गर्न सकिन्छ ।



# श्रीलंकामा संकटकाल घोषणा

**काठमाडौं/एजेन्सी–** श्रीलंकामा राष्ट्रव्यापी संकटकाल घोषणा भएको छ । राष्ट्रपतिको निवासबाहिर भएको विरोध प्रदर्शनले हिंसात्मक रूप लिएको एक दिनपछि संकटकाल घोषणा गरिएको हो ।

बिहीवार कोलम्बोस्थित राष्ट्रपति गोटबय राजपक्षको निजी निवास नजिकै प्रदर्शनकारीहरूले छेकबारहरू भत्काएका र सवारीसाधनहरूमा आगो लगाएका थिए ।

अहिले त्यहाँ सेनालाई तैनाथ गरिएको छ र आरोपितहरूलाई पक्राउ पुर्जीबिना पक्राउ गर्ने अधिकार दिइएको छ । श्रीलंका ठूलो आर्थिक संकटबाट गुज्रिरहेको छ ।

यो केही हदमा चरम विदेशी मुद्रा अभावका कारण निम्तिएको अवस्था हो, जसलाई इन्धन आयातको भुक्तानीका लागि प्रयोग गरिन्थ्यो ।

दैनिक १२ घण्टाभन्दा बढी हुने विद्युत् कटौती, इन्धन र अत्यावश्यक खाद्यान्न तथा औषधिको अभावका कारण



२ करोडभन्दा बढी जनसंख्या भएको यस टापु राष्ट्रमा आम मानिसको आक्रोश उच्च विन्दुमा पुगेको छ ।

राष्ट्रपति भवन अगाडि भएको विरोध प्रदर्शनको घटना शान्तिपूर्ण रूपमा आरम्भ भएको थियो । प्रदर्शनकारीहरूका अनुसार प्रहरीले उनीहरूमाथि अश्रु ग्यास र पानीको फोहरा प्रहार गर्नुका साथै कुटपिट गर्न थालेपछि अवस्था हिंसात्मक बनेको हो ।

प्रदर्शनकारीहरूले पनि प्रहरीमाथि ढुङ्गामुढा गरेका थिए । उक्त प्रहारबाट कम्तीमा दुई दर्जन प्रहरी घाइते भएको रोएटर्स समाचार संस्थाले जनाएको छ ।

शुक्रवार ५३ जना प्रदर्शनकारीलाई गिरफ्तार गरिएको र पाँच जना फोटो पत्रकारलाई हिरासतमा राखी यातना दिइएको एएफपी समाचार संस्थाले जनाएको छ । सरकारले उक्त आरोपबारे अनुसन्धान गर्ने बताएको छ ।

कारबाही भए पनि विरोध प्रदर्शन जारी रह्यो र त्यो देशका अन्य भागहरूमा बिस्तार भएको थियो । त्यहाँको राजधानीमा प्रदर्शनकारीले राष्ट्रपतिको राजीनामाको माग गर्दै प्रदर्शन गरेका थिए ।

एएफपीका अनुसार श्रीलंका सरकारले राजधानीमा लगातार दोस्रो रात पनि कर्फ्यू लगाएको छ र देशको पश्चिमी प्रान्त पनि कर्फ्यू आदेश अन्तर्गत समावेश गरेको छ । राष्ट्रपति राजपक्षले सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्थाको संरक्षण र आपूर्ति र अत्यावश्यक सेवाहरू सुनिश्चित गर्न संकटकाल घोषणा गर्ने निर्णय भएको बताए ।


देशका लागि संयुक्त राष्ट्र सङ्घकी प्रतिनिधि हना सिंगर-हाम्डीले ट्विटमार्फत सबै समूहलाई संयम अपनाउन आह्वान गरेकी छन् । सन् २०१९ मा बहुमत प्राप्त गरी सत्तामा पुगेका राजापक्षले देशमा स्थायित्वको प्रतिबद्धता जनाएका थिए । तर, जारी प्रदर्शनले उनको लोकप्रियतामा ठूलो परिवर्तन भएको संकेत गर्छ ।

# 'पुटिनका कारण विश्वभर मूल्य वृद्धि'

**काठमाडौं/एजेन्सी–** अमेरिकी राष्ट्रपति जो बाइडेनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका कारण विश्वभरि मूल्य वृद्धि भएको आरोप लगाएका छन् । रुसले युक्रेनमा आक्रमण गरेपछि तेल र ग्यासको मूल्य बढेपछि अन्य क्षेत्रमा पनि मूल्य वृद्धि भएको उनको भनाइ छ ।

विश्वभरि अहिले मूल्य वृद्धि भएको र कतिपय देशमा उर्जा, खाद्यान्नलगायतको अभाव समेत भएको उल्लेख गर्दै उनले त्यसको दोषी पुटिन नै भएको दाबी गरे । शुक्रबार उनले भने, 'रुसले युक्रेनमाथि आक्रमण गरेको आज ३८ दिन भइसक्यो, आक्रमणको असर दिन प्रति दिन विश्वभरि फैलिँदै र थप गहिरो पर्दै गएको छ, रुसको आक्रमणले युक्रेनमा मात्र नभइ विश्वभरि नै हानी गरेको छ ।'

उनले मूल्यवृद्धि घटाउन पनि पुटिनले भूमिका खेल्नु पर्नेमा जोड दिदै मूल्य नघटेमा त्यसको दोषी पुटिन नै हुने टिप्पणी गरे । 'यो मूल्यवृद्धि अझै कहाँसम्म पुग्ने हो भन्ने कुरा अनुमान लगाउन नसकिने अवस्था छ,' सामाजिक सञ्जाल ट्विटरमा उनले लेखेका छन् । आफूले दिएको सुझाव र आग्रहलाई पुटिनले वेवास्ता गरेकाले विश्वभरलाई नै असर पर्ने



काम भइरहेको भन्दै उनले चिन्ता व्यक्त गरे । राष्ट्रपति बाइडनले तत्काल युद्ध रोक्न र वार्ता मार्फत विवाद अन्त्य गर्न पटक पटक आग्रह गर्दै आएको पनि स्मरण गराएका छन् ।

यसैबीच अमेरिकाले युक्रेनलाई ३० करोड अमेरिकी डलरको थप सैन्य सहायता उपलब्ध गराउने रक्षा विभाग (डीओडी)ले जनाएको छ । 'युक्रेन सेक्युरिटी असिस्टेन्स इनिसिएटिभे मार्फत, डीओडीले युक्रेनको आत्मरक्षा गर्ने क्षमतालाई बलियो बनाउन ३० करोड डलर सम्मको सुरक्षा सहायता प्रदान गर्नेछ । यो निर्णयले युक्रेनको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई आफ्नो रक्षा प्रयासको समर्थनमा संयुक्त राज्य अमेरिकाको अटल प्रतिबद्धतालाई जोड दिन्छ,' पेन्टागनका प्रेस सचिव जोन किर्बीले भने ।

# भारतमा १२ दिनमा १० पटक पेट्रोलियम पदार्थको मूल्य वृद्धि




काठमाडौं/एजेन्सी- भारतमा पछिल्लो १२ दिनमा १० पटक पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएको छ । अन्तर्राष्ट्रिय बजारमा पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएकाले भारतमा पनि बढाउनु परेको अधिकारीहरूले जनाएका छन् ।

पछिल्लो समय शनिबार प्रति लिटरमा ८० पैसाको दरले मूल्य वृद्धि भएको विवरण सार्वजनिक गरिएको छ । पछिल्लो १२ दिनमा १० पटक मूल्य वृद्धि हुँदा पहिलाभन्दा प्रति लिटरमा ७.२० प्रतिशत मूल्य बढी भएको अधिकारीहरूले जानकारी दिएका छन् ।

संघीय राजधानी नयाँ दिल्लीमा अहिले प्रति लिटर पेट्रोलको मूल्य १०७.६१ भारतीय रुपैयाँ पुगेको छ ।

# युद्धग्रस्त यमनमा शनिबारदेखि युद्धविराम गर्ने सहमति

**काठमाडौं/एजेन्सी–** यमनका युद्धरत पक्षले शनिबारदेखि पहिलो राष्ट्रव्यापी युद्धविरामका लागि आफ्नो हतियार बिसाउने सहमति गरेका छन् । ग्रीनविच समय अनुसार रमजानको पहिलो दिन दिउसो ४:०० बजे लागू हुने गरी इरान समर्थित हुथी विद्रोही र साउदी नेतृत्वको गठबन्धन दुवैले दुई महिनाको सहमति पालना गर्न सहमत भएका छन् ।

यमनमा जारी लामो युद्धले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सयौं हजारको ज्यान लिएको छ र लाखौं लाई विस्थापित गरेको छ । संयुक्त राष्ट्रसंघका अनुसार यमनमा विश्वकै सबैभन्दा खराब मानवीय संकट उत्पन्न भएको छ । पहिलेका युद्धविरामहरू निष्प्रभावी भएकाले यस सम्झौता पनि कतै उल्लङ्घन हुने हो कि भन्ने कतिपय विश्लेषकले अनुमान गरेका छन् । अप्रिल २०१६ मा शान्ति वार्ता अगाडिको राष्ट्रिय युद्धविराम लगभग तुरुन्तै उल्लङ्घन भयो र त्यस वर्षका शान्तिका अन्य प्रयासहरू पनि उल्लङ्घन भएका थिए । विश्वको सबैभन्दा गरिब अरब मुलुकको लागि जीवन रेखा, विद्रोहीले कब्जामा लिएको होडैडा बन्दरगाह वरिपरि शत्रुता रोक्ने सन् २०१८ को सम्झौतालाई पनि धेरै हदसम्म उपेक्षा गरिएको थियो । 'यसपटक म आशावादी छु,' होडैडास्थित एक निजी संस्थामा काम गर्ने अस्मा जायदले एएफपीलाई भने, 'रमजानसँग आउने तथ्यले हामीलाई धेरै आशा दिन्छ । म १५ वर्षको छँदादेखि नै यो युद्ध सुरु भयो र मेरा सबै सपनाहरू केवल सपनामा सीमित भए ।' यस सम्झौताअन्तर्गत यमन र यसको सिमाना पार गर्ने सबै जमीन, हवाई तथा समुद्री सैनिक परिचालन रोकिने यमनका लागि संयुक्त राष्ट्रसंघका विशेष दूत हान्स ग्रुन्डबर्गले आफ्नो बताए । सम्झौता अन्तर्गत होडैडा बन्दरगाहमा इन्धन बोक्ने जहाजहरूलाई आवातजावतका लागि अनुमति दिइनेछ भने र हुथी नियन्त्रित क्षेत्र राजधानी सानाको विमानस्थलबाट निश्चित क्षेत्रीय गन्तव्यमा पुनः व्यावसायिक उडानहरू आरम्भ गरिनेछ । शान्तिवार्ताका लागि दुवै पक्षले अघि सारेका प्रमुख मागमा सहमति भएको छ ।

यमनका लागि स्वीडेनका कूटनीतिज्ञले युद्धविरामा सम्झौता पालनमा हुनेमा आशावादी हुँदै भने, 'सात वर्षभन्दा बढी युद्धको दौडान अत्यन्तै पीडित भएका सबै यमेनी महिला, पुरुष तथा केटाकेटीहरूले युद्धविराम सहमतिसँगै यस युद्धको अन्त हुने आशा गरेका छन् ।'

# युक्रेनको पूर्वी क्षेत्रमा गम्भीर जोखिम : जेलेन्स्की



**काठमाडौं/एजेन्सी–** युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले देशको पूर्वी क्षेत्रमा अहिले पनि सैन्य अवस्था 'निकै गम्भीर' रहेको बताएका छन् ।

शनिबार बिहान जारी गरेको भिडियो सन्देशमा जेलेन्स्कीले उत्तरबाट भने रुसी सैनिक फर्किने क्रम जारी रहेको उल्लेख गरेका छन् । उनले भनेका छन्, 'रुसी सैनिक बिस्तारै फर्किरहेका छन् तर अनुभव गर्न सकिने खालको छ ।'

तर पूर्वी क्षेत्रमा भने जोखिम कायम रहेको उनले उल्लेख गरे । रुसी सैनिक उत्तरबाट फर्किएर डोन्बास क्षेत्र र खार्किभ शहरमा शक्तिशाली आक्रमणका लागि तयारी गरेको हुन सक्ने तर्फ जेलेन्स्कीले सचेत गराएका छन् ।

'आउँदो दिनमा कठिन युद्धको सामना गर्नु पर्ने छ । हामीले सबै परीक्षाहरु पार गरिसक्यौं भनेर ठान्नु हुँदैन', राष्ट्रपति जेलेन्स्कीले भनेका छन् । युक्रेनी सैनिकले रुसी सेनाको कब्जामा गएको बुचा बजार किएभको बाहिरी क्षेत्रमा रहेको इर्पिन शहर आफ्नो नियन्त्रणमा लिएका छन् ।

यसैबीच युक्रेनी राष्ट्रपति जेलेन्स्कीले रुसी आक्रमणकारीसँग सहकार्य गर्नेहरुलाई अन्तिम चेतावनी दिएका छन् । रुसले कब्जा गरेका शहरमा नेतृत्वमा राखिएकाहरु लामो समय पदमा नरहने बताएका हुन् ।

रुसले कब्जा गरेका शहरमा रुसबाट राखिएका नेतृत्वहरुलाई इंगित गर्दै जेलेन्स्कीले भनेका छन्, 'यो निकै मूर्ख वा वेबकुफ अप्रिल फुल व्यंग्य जस्तै हो ।'

उनी ती नेतृत्वहरुलाई नाजी जर्मनीका जिल्ला नेतृत्वसँग तुलना गरेका छन् ।

उनले भनेका छन्, 'मेरो सन्देश स्पष्ट छः रुससँग सहकार्य गनेहरुको जिम्मेवारी (युद्धमा) निश्चित छ । भोलि वा पर्सी त्यो दोस्रो कुरा हो । तर न्याय पुनः स्थापित हुनेछ ।' आक्रमणकारीसँग सहकार्य गर्नेहरुले त्यसको गम्भीर मूल्य चुकाउनु पर्ने र आफ्नो यो अन्तिम चेतावनी रहेको जेलेन्स्कीले बताएका छन् ।

## ग्रामथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**तेतरीया, मोरङ्ग**

**प्रदेश नं.१, नेपाल**

### ग्रामथान गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

## जय ललीगुरांस इन्भेष्टमेन्ट एण्ड ट्रेडिङ कम्पनी प्रा. लि.
ललितपुर-३, हरिहरभवन
सम्पर्क नं.:०१-५०१०७११, ५०१०६१०

### ग्राहक वर्गमा अनुरोध

यस कम्पनीको प्रेस इन्चार्ज पदमा कार्यरत कर्मचारी श्री मोहन कृष्ण श्रेष्ठको मिति २०७८/१२/१६ गतेबाट राजिनामा स्विकृत गरिएको व्यहोरा जानकारी गराइन्छ । साथै अब उप्रान्त यस कम्पनीसंग निजको कुनैपनि सम्बन्ध नरहेको समेत जानकारी गराउन चाहन्छौं ।

कम्पनीसंग सम्बन्धित छपाई, विज्ञापन लगायत अन्य कुनैपनि काम गर्दा कार्यालयमा सम्पर्क गर्नुहुन र निजसंग कुनैपनि आर्थिक कारोबार वा काम दिने वा लिने गरेमा कम्पनी जिम्मेवार हुने छैन । कथंकदाचित संस्थासंग जोडेर निजसंग कुनै कारोबार गर्नेक्रममा समस्या आएमा संस्था जवाफदेही नहुने यसै सूचना मार्फत जानकारी गराइन्छ ।

धन्यवाद !

## INTERSCAFF SAFETY
International Vocational Training School

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber

Skill Test / Video Graphy Services

NOTE
We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety

Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

# बक्स अफिस समाचार



# जुनसुकै भाषामा कम्पोज गर्न सक्छु

नेपाली सुगम संगीतका सफल र चर्चित गायक, संगीतकार हुन् राजेन्द्र बजगाईं। उनलाई यो सफलता गीत, संगीतप्रतिको अथक साधनाका कारण मिलेको हो। उनले सानैदेखि स्कुल र गाउँघरमा हुने विविध सांगीतिक कार्यक्रममा सहभागिता जनाउने गर्थे। संगीतको प्रशिक्षण लिएर यस क्षेत्रलाई पेशा बनाउँदै आएको पनि २०६४ सालदेखि नै हो। त्यसपश्चात निरन्तर संगीत सिर्जनामा सक्रिय बजगाईंका दर्जनौं सिर्जना स्रोता रूचीका रहेका छन्। कालिका अवार्ड २०७२, नेपाल म्युजिक तथा फेशन अवार्ड २०७७, क्वालिटी इन्टरटेनमेन्ट अवार्ड २०७८, पिम नेपाल फिल्म फेष्टिवल अवार्ड २०७८, बिराट म्युजिक अवार्ड २०७८, जिनियस म्युजिक अवार्ड २०७५, दोस्रो हिमालयन इन्टरनेशनल अवार्ड २०७८, दोस्रो नेपाली आर्ट कल्चर एण्ड म्युजिक अवार्ड २०७८ जस्तो ख्याती प्राप्त अवार्डहरू र अन्य सम्मान पाइसकेका लोकप्रिय युवा संगीतकार राजेन्द्र बजगाईंको कम्पोजमा यसै साता हिन्दी गीतको रेकर्डिङ भएको छ। फरक भाषामा काम गर्न पाउँदा आफुलाई खुशी लागेको बताउने बजगाईंले एकलब्य, काँचुली, म त मर्छु कि क्याहो लगायतका चलचित्रमा संगीत दिएका छन्। युवा पुस्ताका व्यस्त संगीतकार **राजेन्द्र बजगाईं**ले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**राजेन्द्र बजगाईं**
**संगीतकार**



**नयाा र पुराना गायन कलाकारहरूका अनुसार पछिल्लो समय नेपाली सांगीतिक क्षेत्रको स्वरूपमा परिवर्तन देखिएको छ भन्छन् नि ?**

परिवर्तन त भइरहेको छ, केही फरकशैली र फरक धारका गीतसंगीतहरु नेपाली लोक शैलीमार्फत आउँदै गरेको छ। नयाँ पुस्ताको नयाँ सोच र कामले गर्दा फरक पक्कै पाएको छ नेपाली गीत संगीतले।

**यो समय गीतसंगीतको व्यावसायिक स्थिति धरापमा परेको हो ?**

सांगीतिक क्षेत्र धरापमा त पर्दैपर्दैन बरु केही सुधारिएको छ र सांगीतिक फरक युगसँग मिसिएको छ। व्यावसायिक हिसावमा हेर्ने हो भने नेपालको परिप्रेक्षमा त व्यावसायिक करण नै देखिँदैन किन कि हाम्रो संगीतिक क्षेत्र सानो छ। केही गीतसंगीतहरुले मात्र आफ्नो व्यावसायिक करणलाई केही मात्रामा मात्र सुधार गरेको देखिए जस्तो लाग्छ।

**गीतहरूको रोयल्टी पाउने भन्ने कुराहरू के भइराछ ?**

त्यो त रोयल्टी एमआरसिएनले गर्ने कुरा हो। हाम्रो तर्फबाट हुने सहयोग र साथ त छँदैछ र राज्यबाट हुने सहकार्यले गर्ने कुरा हो। रोयल्टीको काम पनि हुँदैछ र छिट्टै त्यसको समाधानको बाटो आउने छ।

**युवा पुस्ताहरूले कस्तो खालको गीतहरु मन पराउाछन् ?**

युवा पुस्ताले सबै खालको गीतसंगीत रुचाइरहेक छन्। युवा वर्गमा पनि फरक-फरक रुची र सिकाई भएको सबै खाले गीतसंगीतमा रुची देखिन्छ। अहिलेको युवा पुस्ताले पुरानोदेखि अहिलेको पछिल्लो गीतसंगीत मन पराइरहेका छन्।

त्यसैले होला पुरानो गीतहरु पनि युवा वर्गमा आजभोलि लोकप्रिय भइरहेको छ। त्यसैमाथि अहिलेको रियालिटी शोहरुमा पनि देख्न सकिन्छ। सबै किसिमको गीतहरुलाई युवा वर्गले मन पराइरहेको देख्न सकिन्छ।

**कोभिडले थला परेको संगीत क्षेत्र पुनः देश र विदेशमा गीतसंगीत सम्बन्धी कार्यक्रमहरू हुन थालेको छ कस्तो आशा गर्नु भएको छ ?**

राम्रो कुरा हो कि नेपाली कलाकारहरु वास्तवमा आफ्नो जिविकोपार्जन गर्ने भनेको नै विभिन्न कार्यक्रमहरुबाट हो। यहाँ युट्युव र अन्य पोर्टलहरुबाट के कसरी पैसा आउँछ नै थाहा छैन।

त्यसको लागि देश विदेशमा हुने कार्यक्रमहरु हुन जरुरी छ। तर आफ्नो मान्छेलाई कार्यक्रममा भित्र्याउनु भन्दा सही स्रष्टालाई कार्यक्रममा उपस्थित गराउन जरुरी छ।

**युट्युब भ्युअर्सबाट पनि कमाउन सकिन्छ भन्छन् प्रक्रिया कस्तो छ पैसा पाउने ?**

के को कमाउने बिचरा हामी जस्तो कलाकारले बुष्ट गरेर भ्युअर्स देखाउनु परेको बेला। कसरी कमाई हुन्छ लगानीको दश प्रतिशत पनि उठाउन सक्दैन। कोही कोही होलान् सयमा एक प्रतिशत आफ्नो लगानी उठाउने तर नचाहिने युट्युवले चाहीँ अर्काको आत्मा सम्मान बेचेर कमाइ राखेको छ। सही स्रष्टाहरुले युट्युवबाट कमाएको छ जस्तो लाग्दैन मलाई।

**भर्खरै हिन्दी भाषाको गीत बनाउनु भयो प्रतिक्रिया कस्तो पाइरहनु भएको छ ?**

एउटा गरिरहेको भन्दा फरक भाषामा कम्पोज गर्न पाउँदा त खुशी छु। जति जनाले सुन्नु भएको छ, सबैको राम्रो नै प्रतिक्रिया आइरहेको छ। हेरौं बजारमा ल्याएपछि बजारले कस्तो मुल्यांकन गर्छ। एउटा संगीतकारले सबै भाषामा संगीत सिर्जना गर्न सक्ने क्षमता हुनुपर्छ। र, म कुनै पनि भाषामा एरेञ्ज गर्न सक्छु।

**सबै खाले गीतको संगीत सिर्जना गर्नुहुन्छ, गजल तथा दोहोरीको बारेमा के राय छ ?**

यी दुबै फरक फरक धारमा पर्दछन् र संगीतको बाटो एउटै भए पनि चालमा फरक आउने हो। लोक हाम्रो परम्परा हो भने गजल हाम्रो सिकाई हो जस्तो लाग्छ।

**शब्द रचना, संगीत सिर्जना र गाउनु पनि हुन्छ, एउटै विधा रोज्नु पऱ्यो भने कुन रोज्नु हुन्छ ?**

म वास्तवमा संगीतकार भन्न रुचाउँछु। किन भने गीतको मेरुदण्ड नै संगीत हो। त्यसपछि अरु पर्ने विषय हो। म संगीतको विद्यार्थी भएकोले संगीतको बारेमा बुझ्दै गर्दा पनि म संगीतकार हुँ भन्न रुचाउँछु। मैले लेखेको, गाएको र एरेञ्ज गरेको गीतहरु स्रोताहरुले रुचाए पनि मेरो संगीतको पाटोलाई अलि बढी रुचाएको मान्दछु, त्यसैले पनि होला।

**संगीत सिर्जनामा पनि विवाद हुनुको कारण के ?**

विवाद हुनुको मुख्य कारण त संगीत सम्बन्धी ध्यान अनि अध्ययनको कमीले हो। अर्को कुरा सांगीतिक क्षेत्रको बारेमा रुची कम राखी संगीत सिर्जना जसरी गर्दा पनि हुन्छ भन्ने सोचले पनि हो जस्तो लाग्छ।

**यतिबेला चर्चामा रहेको प्रकाश सपुतको गीत 'पिर'को बारेमा तपाईंको भनाइ के छ ?**

सिर्जनामा कति शक्ति हुन्छ भन्ने कुरा 'पिर' गीतबाट पनि बुझ्न सकिन्छ।

**नयाँपुराना धेरै गायक तथा गायिकाहरुसँग काम गरिसक्नु भएको छ, आफुलाई मन पर्ने र काम गर्न सजिलोको नाम लिनु पर्दा ?**

सबै सजिलो लाग्छ। काम गर्दा मेरो संगीतलाई न्याय दिने गरेकोले सम्पूर्ण गायक, गायिकाहरु राम्रो हुनुहुन्छ, मन पर्छ।

**गीतसंगीत भनेको मनोरञ्जनकै लागि मात्र हो ?**

मनोरञ्जनको लागि पनि हो। अनि यसबाट धेरै क्षेत्रको प्रतिनिधित्व गर्दछ। अनि धेरै क्षेत्रलाई मार्ग गर्ने गरेको देखेकै छौं। संगीत एउटा अदृश्य शक्ति हो। जीवन जिउन सिकाउने माध्यम पनि हो।

**तपाईंको सन्दर्भमा संगीत रुची हो कि बाध्यता ?**

बाध्यता भन्ने चिज नै छैन नि सबै रुची नै हो। यतिमात्र हो कि कसैले पूर्ण समय यसलाई दिन्छ, कसैले दिँदैन। नदिए बाध्यता, दिए रुची।

**डिजिटल प्रविधि आएपछि संगीत सिर्जनामा क्रियशन देखिएन भन्छन् नि ?**

झन् धेरै क्रियशन देखिएको जस्तो लाग्छ। किन कि प्रत्येक व्यक्तिहरुमा अध्ययन गर्ने समय छुट्टिएको छ, त्यसैले गर्दा प्रविधिलाई राम्रो गरे राम्रो हुन्छ।

**हिजोआज बजारमा आउने गीतहरू मेलोडियस नै छैनन्, शब्दहरूमा क्वालिटी छैन भन्नेहरुको लागि तपाईंको जवाफ ?**

क्वालिटी संगीतमा हुँदैन संगीतको आ-आफ्नो फरक फरक सुर भएकोले र अर्को कुरा कसलाई के मनपर्छ भन्ने कुरा होला जस्तो लाग्छ। र समयको माग अनुसार सांगीतिक संरचनाहरु आफैं बन्दै गएको हो, गीतसंगीतलाई दोष लगाउनु भन्दा राम्रो क्रियशनमा ध्यान दिए अझ राम्रो हुन्थ्यो होला।

**पछिल्लो पुस्ताले मौलिक लोक गीतसंगीतलाई भुल्दै गएको हो ?**

झन् अजरअम्मर भएर अहिलेको गीतसंगीत आइरहेको छ। एउटा चक्र हो घुम्दै जित्दै आइरहेको छ। जुन रियालिटी शोहरु र संगीतको शिक्षाले पुरानो दिनहरुलाई अझ अमर बनाइरहेको छ। भुल्ने त कुरा छोडौं केही सिर्जना ओझेलमा होलान् तर भुलेको भने चाहीँ छैन जस्तो लाग्छ मलाई।

**संगीतिक बजार विस्तारका लागि के गर्नुपर्ला ?**

हामीले उत्कृष्ट सिर्जना तयार पार्नु पर्छ। बजारको लागि राज्यले केही सहज बनाइदिए राम्रो। र संगीतकर्मीहरुमा पनि लगनशिलता हुन जरुरी छ।

**प्रतिभा र दक्षता भन्दापनि द्रव्यको भरमा टिक्नेहरुले संगीत क्षेत्र ग्रसित छ भन्छन् नि ?**

ति क्षणिक हुन् केही समयको लागिमात्र। सही सर्जकहरु त राम्रा सिर्जनामा रहिरहेको देखिन्छ। हामीले संगीतलाई मिहेनत गर्नुपर्छ, त्यसछि सबै राम्रो हुन्छ।

## लेखकहरू बन्दीपुरमा




**काठमाडौं/मस-** नेपाल स्रष्टा समाजका सदस्यहरू तनहुँको पर्यटकीय गन्तव्य बन्दीपुर भ्रमणमा छन्। उनीहरु सामूहिक/पमा हिलस्टेशन बन्दीपुरको सामाजिक, सांस्कृतिक र प्राकृतिक सम्पदा अवलोकन गरिरहेका छन्।

कार्यक्रम संयोजक सुमन थापा 'संगम'का अनुसारस्रष्टाहरूको टोलीमा २५ जना सहभागी छन्। होमस्टे पर्यटनको अनुभव सँगाल्ने उद्धेश्यले लेखकहरूलाई होमस्टेमा राखिएको 'संगम'ले जानकारी दिए।

अध्ययन भ्रमणमा समाजका अध्यक्ष विधान आचार्य, पुष्पप्रसाद लुइँटेल, विमल बैद्य, पवन आलोक र डा. शान्तिमाया गिरिसहितका स्रष्टाहरूको सहभागिता छ। उनीहरू शनिबार काठमाडौं फर्कनेछन्।

## 'ए मेरो हजुर-४' को गीत 'तिमी र म' सार्वजनिक




**काठमाडौं/मस-** रिलिनको पर्खाइमा रहेको नेपाली कथानक चलचित्र 'ए मेरो हजुर-४' को गीत 'तिमी र म' सार्वजनिक भएको छ। बुद्धासुब्बा डिजिटल यूट्युबबाट यो गीत सार्वजनिक भएको हो।

झरना थापा निर्देशित चलचित्र ए मेरो हजुर ४ को यो गीतमा प्रतीक पौडेलको शब्द र संगीत छ। शनिबार सार्वजनिक गीतमा अनमोल केसी र सुहाना थापा फिचर्ड गरिएको छ।

उदय राज पौडेलले स्वर दिएको यो गीतमा प्रश्ना शाक्यको ब्याक भोकल छ। रामजी लामिछानेले कोरियोग्राफी गरेको 'तिमी र म' गीत गायक पौडेलले नै एरेञ्ज गरेका हुन्।

यो चलचित्रमा अनमोल केसी, सुहाना थापा, सलोन बस्नेत, रवि गिरी, सरोज खनाल, लुनिभा तुलाधर, रक्षा गौतम लगायतको अभिनय रहेको छ।

**मलेसियामा रोजगार** | १. कम्पनी : PALACETOOL INDUSTRIES SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/०५ चलानी नं.: ६०१५१८७३ LT. No.: 233331 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1200 | ३४,५२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : EB FROZEN FOOD SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/०५ चलानी नं.: ६०१५१८९० LT. No.: 233330 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 100 | 0 | स. काममा दक्ष | 1200 | ३४,५२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २७ गते (10 April 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic No. 946/067/068

**Kankai Recruitment suppliers Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal. Mobile : 9803697030
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय
**प्रदेश वन निर्देशनालय**
डिभिजन वन कार्यालय खलंगा बजार, जुम्ला

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७८/१२/२०**

यस डिभिजनबाट मिति २०७८/११/११ मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रीतपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) को प्रयोजनार्थ जानकारी गराईन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | ठेक्का नं. | कामको नाम | बोलपत्रदाताको नाम/ठेगाना | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1 | DFO/ JUM/W/ NCB/ 01 /078 / 079 | Gothichaur Ek Pryatakiye Purbadhar Construction Works | Narayan Nirman Sewa-Pan no (300380848), Chandannath-6, Jumla | ३५,७०,४२३ |
| 2 | DFO/JUM/G/NCB/ 02/ 078/079 | Supply,Delivery And Intallation Of Solar System In Chandannath And Bhairavnath Temple | Get Construction (Pan no (698982276), Chandannath-10, Jumla | २०,९४,९०० |

डिभिजन प्रमुख




# उपाधिका लागि नेपाल र पीएनजी भिड्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ चैत

त्रिकोणात्मक टी २० क्रिकेट सिरिजको उपाधिका लागि नेपाल र पपुवा न्युगिनी (पीएनजी) बीच प्रतिस्पर्धा हुने भएको छ। जित्नैपर्ने खेलमा मलेसिया नेपालसँग ८५ रनले पराजित भएपछि रनरेटका आधारमा पीएनजी फाइनलमा पुगेको हो। एक खेल अगावै फाइनल पुगेको नेपाल भने मलेसियालाई अन्तिम लिग खेलमा पराजित गर्दै अपराजित रहन सफल भयो।

त्रिवि क्रिकेट मैदानमा २ सय २४ रनको विशाल लक्ष्य पछ्याएको मलेसिया १९ ओभरमा ५ बलमा १ सय ३८ रनमा अलआउट भयो। मलेसियाका भिरनदीप सिंहले सर्वाधिक ४७ रन बनाए। आक्रामक इनिङ खेलेका भिरनदीपले २६ बलमा ९ चौका प्रहार गरे। कमल सिंह ऐरीको बलमा भिरनदिपले फ्लिक गरेको बल डिप मिडविकेटमा आसिफ शेखले उफ्रेर क्याच गर्दा अर्धशतकबाट ३ रनले पछि परे।

मलेसियाका ओपनर जुबाईदी जुल्कफ्ले कमलको बलमा डक भए। कप्तान आहमद फैजले ३१ बलमा ३ चौका प्रहार गर्दै ३३ रन बनाए। सेइद अजिजले १३ बलमा १७ रन बनाउँदा शर्भिन मुनियडी १ रनमा रनआउट भए। मुहमद अमिर ८ बल खेल्दा १ रन बनाएर स्टम्पिङ भए। मुहमद सेहदतले ८, ऐनोल हफिजले १८ रनको योगदान गरे।

नेपालका सन्दीप लामिछानेले ३ विकेट हात पारे। कमलसिंह ऐरी र दिपेन्द्र सिंह ऐरीले समान २/२ विकेट लिए। कुशल भुर्तेल र रोहित पौडेलले आफ्नो टी-ट्वान्टी अन्तर्राष्ट्रीय करियरमा समान १/१ विकेट लिँदै पहिलो विकेट लिन सफल भए।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा चार विकेट गुमाउँदै दुई सय २३ रन बनायो। शुरुवात आक्रामक गरेपनि नेपालले २७ रनमा पहिलो विकेट गुमायो। दुई ओभर तीन बलमा नेपालका ओपनर कुशल भुर्तेल १२ रनमा पेभेलियन फर्किएका छन। उनलाई मुहम्मद वाफिकले एलबीडब्लुमा आउट गरे।

त्यसपछि नेपालको स्कोर ३६ रन हुँदा दोस्रो विकेट गुमायो। नेपालका अर्का ओपनर आशिफ शेख १८ रनमा आउट भए। उनलाई पवनदिप सिंहले पेभेलियन फर्काए। त्यसपछि तेस्रो विकेटका लागि रोहित पौडेल र दिपेन्द्र सिंह ऐरीले ९६ रनको साझेदारी गर्दै नेपाललाई बलियो स्थितीमा पुऱ्याए। जसमा रोहितले टी २० करियरको पहिलो अर्धशतक बनाए।

नेपालको स्कोर सन् २०१९ मा यूएईविरुद्ध टी २० मा डेब्यु गरेका रोहितले १५ खेलमा आएर अर्धशतक बनाएका हुन्। उनले ३२ बलमा पाँच चौका प्रहार गरेर अर्धशतक बनाए। टी २० मा डेब्यु गरेका करिब तीन बर्षपछि उनले पहिलो अर्धशतक बनाउन सफल भए।

एकदिवसिय क्रिकेटमा कम उमेरमा शतक बनाउने नबौं खेलाडी बनेका रोहित पछिल्लो पटक राम्रो लयमा रहेका छन्। यो अर्धशतक अगाडि उनको उच्च स्कोर ४१ रनको थियो। नेपालको स्कोर ३६ रनमा दुई विकेट हुँदा क्रिजमा आएका रोहितले दिपेन्द्रसिंह ऐरीसँग ९६ रनको साझेदारी गरेका थिए। तर उनी ३४ बलमा पाँच चौकाको मद्दतमा ५१ रनमा आउट भए।

रोहित आउट हुँदा नेपालको स्कोर एक सय ३२ रन थियो। त्यसपछि क्रिजमा आएका आरिफ शेख मात्र दुई रनमा आउट हुँदा नेपालले एक सय ६४ रनमा चौथो विकेट गुमायो।

यस्तै दिपेन्द्र सिंह ऐरीले टी २० करियरमा पहिलो शतक बनाए। उनले छक्का प्रहार गरे शतक बनाएका थिए। उनले ५५ बलमा १० चौका र पाँच छक्काको मद्दतले शतक पुरा गरे। अन्तिममा दिपेन्द्रले ५७ बलमा १० चौका र ६ छक्काको मद्दतले अविजित एक सय १० रन बनाए। यस्तै मोहम्मद आदिल आलमले नौं बलमा १४ रन बनाए।

दिपेन्द्र नेपालका लागि शतक बनाउने चौथो खेलाडी बनेका छन्। यसअघि पारस खड्का ज्ञानेन्द्र मल्ल, कशुल भुर्तेलले शतक बनाएका थिए।

नेपालका लागि पारस खड्काले सिंगापुरविरुद्ध २०१९ को सेप्टेम्बरमा शतक बनाउका थिए भने ज्ञानेन्द्र मल्लले भुटानविरुद्ध र कुशल भुर्तेलले फिलिपिन्सविरुद्ध शतक बनाएका थिए।

यस्तै दिपेन्द्र नेपालका लागि टी २० क्रिकेटमा एकै पारिमा धेरै रन बनाउने खेलाडी पनि बनेका छन। यसअघि ज्ञानेन्द्र मल्लले सागमा कीर्तिपुर मैदानमा भुटानविरुद्ध एक सय सात रनको पारी खेलेका थिए। जसलाई दिपेन्द्रले उछिनेका छन्।

आदील अन्सारी ९ बलमा १ छक्का प्रहार गर्दै अन्तिम बलमा १४ रन जोडेर रन आउट भए। मलेसियाका मुहमद वाफिक, पवनदीप सिंह, स्याज्रुल इद्रुस र मुहमद अमिरले १/१ विकेट लिए। अब नेपालले उपाधिका लागि सोमबार पीएनजीविरुद्ध प्रतिस्पर्धा गर्ने छ।

# प्रो बलभद्र राईको टोलीलाई उपाधि




**पोखरा/मस–** पोखराको पार-६८ हिमालयन गल्फ कोर्समा शुक्रबार भएको सूर्य नेपाल वेस्टर्न ओपन प्रो-एमको उपाधि प्रो बलभद्र राईको टोलीले जितेको छ। प्रो भाल भद्रले एमेच्योर फुरसाङ लामा, राजु थकाली र कवि थापासँग मिलेर १४८ अंक जोडेर उपाधि जितेका थिए। प्रो बल बहादुरले ३६, राजु र कविले ३७ अंक जोडे।

प्रो भुवन नगरकोटी (३५), एमेच्योर बद्री राई (३६), किशोर बस्नेत (३४) र कर्नल झलेन्द्र भट्टराई (३४) १३९ अंकका साथ दोस्रो स्थानमा रहे। जबकि समर्थक सञ्जय लामा (३३), एमेच्योर सुष्मा सिग्देल (३३), अर्सिया बानु (३३) र ब्रिगेडियर सुरेश बानियाँले १३१ अंक जोडेर तेस्रो भए।

मेजर डम्बर घलेले पिनको नजिक र रुपेन्द्र गुरुङले सबैभन्दा लामो ड्राइभ प्राप्त गरे। र दुर्गाकुमारी शाहले होल इन वान अन होल १३ का लागि विशेष पुरस्कार प्राप्त गरिन्। स्टेबलफोर्ड फुल ह्यान्डिक्याप ढाँचामा खेलिएको प्रो-एम इभेन्टमा १० पेशेवर सहित ८० खेलाडीले भाग लिएका थिए। शीर्ष प्रो स्कोरर विजेता टोलीका लागि शीर्ष तीन एमेच्योरहरूसँग स्वचालित रूपमा टोली बनाइयो। त्यसैगरी चौथो, पाँचौं र छैटौं एमेच्योर स्कोररलाई उपविजेता टोलीका लागि दोस्रो उत्कृष्ट व्यावसायिक स्कोरर र सातौं, आठौं र नवौं हुने एमेच्योरलाई सेकेण्ड रनरअप टोलीलाई तेस्रो उत्कृष्ट व्यावसायिक स्कोरर प्रदान गरियो।

सो अवसरमा नेपाल गल्फ संघका अध्यक्ष टासी घलेले कास्की जिल्लाको युवा विकास समितिलाई १ लाख रुपैयाँ (नगद) र १ हजार गल्फ बल हस्तान्तरण गरे। गल्फको विकासका लागि युवा तथा बालिका विकास कार्यक्रम शुरु गर्ने प्रतिबद्धता व्यक्त गरे।

# दीपक र पुष्पा प्रथम

**काठमाडौं/मस–** नेपाल आर्मीका दीपक अधिकारी र एपीएफ क्लबकी पुष्पा भण्डारी दोश्रो किसुन जी स्मृति राष्ट्रिय खुला हाफ मयारथनमा शनिबार पहिलो भएका छन्। दुवै १३ औं दक्षिण एसियाली खेलकुद (साग) का पदक विजेता हुन्। १३ औं सागमा दीपकले कांस्य तथा पुष्पाले रजत जितेका थिए। दीपकले निर्धारित दूरी तय गर्न १ घण्टा ५ मिनेट ३४ सेकेन्ड समय खर्चे। बाग्लुङका तीर्थकुमार पुन (१ घण्टा ६ मिनेट ५५ सेकेन्ड) दोश्रो तथा आर्मीका राजन रोकाया (१ घण्टा ८ मिनेट ४९ सेकेन्ड) तेश्रो भए।

नेपाल लोकतान्त्रिक खेलकुद संघ, बाग्मती प्रदेशद्वारा आयोजित प्रतियोगितामा पुष्पाले दौड सकाउन १ घण्टा २१ मिनेट ५० सेकेन्ड समय निकालिन्। एपीएफकै विन्द्रा धन्के श्रेष्ठ (१ घण्टा २७ मिनेट ४४ सेकेन्ड) दोश्रो तथा नेपाल प्रहरी क्लबकी रेखा विष्ट (१ घण्टा ४१ मिनेट १८ सेकेन्ड) तेश्रो बने। पुरुष/महिला दुवैमा शीर्ष स्थान हात पार्नेले क्रमशः ५० हजार, ३० हजार र २० हजारका दरले नगद पुरस्कार हात पारे। विजेतालाई नेपाली कांग्रेसका नेता प्रकाशशरण महत, इन्द्र बानियाँ, आयोजकका अध्यक्ष दीपक गुरुङलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। दौड गोल्फुटारबाट शुरु भई विभिन्न भागको परिक्रमा गरी पुनः गोल्फुटारमै आएर टुंगिएको थियो।

समापनका अवसरमा तेक्वान्दोकी संगीना वैद्य, बक्सिङका मथुरादास नेवाः, भलिबलका भरत शाह, एथलेटिक्सकी राजकुमारी पाण्डे र खेल पत्रकार राजु सिलवाललाई नगदसहित प्रशंसा पत्रबाट सम्मान गरिएको थियो।

# श्यान्टु र त्रिशा च्याम्पियन

**काठमाडौं/मस–** नेपाल प्रहरी क्लबका श्यान्टु श्रेष्ठ र अंशुल गर्ग एकेडेमी (एजीए), भारतकी त्रिशा पाउल चौथो सम्झना कप अन्तर र्राष्ट्रिय टेबलटेनिस प्रतियोगितामा शनिबार च्याम्पियन बनेका छन्। सिंगल्सको पुरुषमा श्यान्टु तथा महिलामा त्रिशा च्याम्पियन बनेका हुन्।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको पुरुष फाइनलमा श्यान्टुले भर्चुएस, भारतका स्वार्नेन्दु चौधरीलाई ६-११, ११-३, ११-९, १३-११ र ११-४ को सेटमा पराजित गरे। बैंक अफ बरोडा, भारतका नितिन र श्रीकृष्ण अरुणचलम तेश्रो भए।

सम्झना ल्याबको प्रमुख प्रायोजनमा ललितपुर टेबलटेनिस क्लबद्वारा आयोजित प्रतियोगिताको महिला सिंगल्स फाइनलमा त्रिशाले गाजियाबाद, भारतकी अभानी त्रिपाठीलाई ११-७, ११-९, ८-११, ११-६ र ११-५ को सेटमा हराइन्। गाजियाबादकी तनिशा मोलानी र एजीएकी फिल्जाह फतिमा तेश्रो बने। पुरुष/महिला दुवैमा पहिलो हुनेले ५० हजार, दोश्रोले २५ हजार र तेश्रोले १०-१० हजार नगद पुरस्कार प्राप्त गरे।



विभिन्न ६ स्पर्धा समावेश प्रतियोगितामा नेपाली तथा भारतीय टोली समान ३ स्वर्ण जिते। भेट्रान ४० वर्षमाथि पुरुष सिंगल्समा एनिज पिङपोङ क्लब, नेपालका चन्दन शाही तथा ५५ वर्षमाथि एनिजकै राजन सुब्बाले स्वर्ण जितेका थिए। बैंक अफ बरोडाले पुरुष/महिला दुवैको टिम इभेन्टमा पहिलो स्थान हात पाऱ्यो। टिममा शीर्ष तीन स्थान हात पार्नेलाई पनि सिंगल्स सरहनै नगद पुरस्कार प्रदान गरियो। भेट्रानमा पहिलोले १० हजार, दोश्रोले ५ हजार र तेश्रोले २ हजार ५ सय नगद पुरस्कार जिते।

विजेतालाई बाग्मती प्रदेशका सांसद् राजकाजी महर्जन, नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष एवं अखिल नेपाल टेबलटेनिस संघका अध्यक्ष चतुरानन्दराज वैद्य, आयोजक क्लबका अध्यक्ष उर्दिप जोशी, सम्झना ल्याबकी निर्देशक रजना श्रेष्ठ जोशी, स्पिन इभेन्ट प्रा.लि. का अध्यक्ष सुमन शाक्यलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। सो अवसरमा दक्षिण एसियाली खेलकुदको टेबलटेनिसको टिम इभेन्टमा स्वर्ण जितेकी सिजरिन शाहलाई आयोजकले 'लाइफ टाइम अचिभ्मेन्ट' अवार्डबाट सम्मान गरेको थियो।

अखिल नेपाल टेबलटेनिस संघको तत्वावधान तथा स्पिन इभेन्ट प्रा.लि. को व्यवस्थापनमा भएको पाँचदिने प्रतियोगितामा नेपालबाट ३ सय ४७ तथा भारतबाट ३८ खेलाडी सहभागी थिए।

# प्रदेश १ का ११ खेलाडी छनोट

**धरान/मस–** गणेशमान सिंह स्मृति राष्ट्रिय बक्सिङ प्रतियोगिताअन्तर्गत प्रदेश १ का खेलाडी छनोट प्रतियोगिता सम्पन्न भएको छ। तीन दिनसम्म चलेको प्रतियोगिताबाट सात पुरुष र चार महिला खेलाडी छनोट भएका छन्। छनोट प्रतियोगितामा झापाका खेलाडीले दबदबा राखेका छन्। प्रदेश १ बाट ११ खेलाडी छनोट भएकामा झापाका १० खेलाडी छन्।

प्रतियोगिताअन्तर्गत पुरुष ५२ केजी तौल समूहमा झापाका धमेन्द्र राई, ५७ केजीमा झापाकै भूगोल लिम्बू, ६३ केजीमा झापाकै टोविन प्रधान, ६९ केजीमा झापाकै अभिनय राई, ७५ केजीमा सुनसरीका सनम गुरुङ, ८१ केजीमा झापाका प्रसंग लिम्बू र ९१ केजीमुनिको तौल समूहमा झापाकै प्रसिस रुचाल वैशाख ६ गतेदेखि काठमाडौंमा हुने राष्ट्रिय प्रतियोगिताका लागि छनोट भएका छन्।

यसैगरी महिलाको ५२ केजी तौल समूहमा झापाकी सुस्मिता श्रेष्ठ, ५७ केजीमा झापाकै सुस्मिता राई, ६० केजीमा झापाकै नरिका राई र ७५ केजी तौल समूहमा झापाकै तृष्णा लिम्बू राष्ट्रिय प्रतियोगिताका लागि छनोट भएको वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीका प्रदेश नं १ सयोजक अभिषेक श्रेष्ठले जानकारी दिए।

प्रतियोगिताका विजेता खेलाडीलाई धरान उपमहानगपालिकाका प्रमुख तिलक राई, वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीका प्रदेश नं १ सयोजक अभिषेक श्रेष्ठलगायतले पुरस्कार प्रदान गरेका थिए।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७८/१२/२०**

**आर.जे. इन्कर्पोरेटेड प्रा.लि. (R.J. Incorporated Pvt. Ltd.)** को मिति २०७८/१०/१७ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेडिटेक सर्जिकल प्रा.लि. (Meditech Surgical Pvt. Ltd.) (प्रा. लि. नं.: २११६६७/०७५/०७६)**, कायम गर्ने गरी मिति २०७८/१२/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस कम्पनी सम्बन्धि लेनदेन अथवा कुनै किसिमको गुनासो छ भने १ हप्ता भित्र **९८५१००३८११** मा सम्पर्क गर्नुहोला।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७८/१२/२०**

**स्कट नेपाल प्रा.लि.**को मिति २०७८/११/२२ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **माउन्टेन राइडर्स प्रा.लि (प्रा. लि. नं.: २८२६६७)**, कायम गर्ने गरी मिति २०७८/१२/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**अनुसूची–१५**
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०७८।१२।२०**

श्री जनएकता महिला सामुदायिक वन उपभोक्ता समुह बराहताल गाउँपालिका वडा नं. ०८ सुर्खेतको वनबाट उत्पादन भई समुहको घाटगद्दीमा राखिएको साल जातको गोलिया थान ३२ को २०३.०५ क्यू.फि., असना जातको गोलिया थान ८ को ५१.८२ क्यु.फि. र सल्लो जातको गोलिया थान ४ को ७४.१९ क्यू.फि. काठ र विभिन्न जातको ०.७५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री जनएकता महिला सामुदायिक वन उपभोक्ता समुह**
**बराहताल गाउँपालिका वडा नं. ८, सुर्खेत**

**Invitation for Bids**

Bagamati Province Government
Ministry of Agriculture and Livestock Development
Directorate of Livestock and Fishries Development
**Veterinary Hospital and Livestock Service Expert Center**
Lagankhel, Laitpur, Nepal

**Invitation for Bids for the Procurement and Supply of Livestock Equipment**


Contract Identification No: **VHLSEC/Lalitpur/NCB/Goods/01/2078-79**
Date of publication**: 3rd April 2022 (2078/12/20)**

1. The **Veterinary Hospital and Livestock Service Expert Center** Lagankhel, Laitpur invites *sealed* bids from eligible bidders for the procurement and **Supply of Livestock Equipment** ***under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.***
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the *office of* Veterinary Hospital and Livestock Service Expert Center, Lagankhel, Laitpur, mailing **vhleclalitpur@gmail.com**, 01-5547377.
3. A complete *set* of Bidding Documents may be purchased from the office at the *office of* Veterinary Hospital and Livestock Service Expert Center, Lagankhel, Laitpur by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs **3000** till 2079/1/19 during office hours.
   **Information to deposit the cost of bidding document in Bank:**
   *Name of the Bank* : ***Nepal Bank Limited Gabahal Lalitpur***.
   *Name of Office* : ***Veterinary Hospital and Livestock Service Expert Center***
   *Address of the Office* : ***Lagankhel, Laitpur*** *Office Code no. :3120234023*
   *Office Account no.* : *00101000000001001001*
   *Rajaswa (revenue) Shirshak no.* : *14229*
4. Sealed or electronic bids must be submitted to the office ***Veterinary Hospital and Livestock Service Expert Center Lagankhel, Laitpur*** by hand/courier on or before 12:00 on 2079/1/20. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm, 2079/1/20 at the office of ***Veterinary Hospital and Livestock Service Expert Center Laganhkel, Laitpur.*** Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 120000**, which shall be valid for 30 days beyond the validity period of the bid. If bidders wish to submit the cash security, the cash should be deposited in Dharauti account (**Office code:** *3120234023*) **KO.LE.NI. KA, Lalitpur account No. 01802000002003000001 at Nepal Bank Limited, Gabahal, Laitpur** and submit the receipt of the deposited amount of cash along with Bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Veterinary Hospital and Livestock Service Expert Center, Lalitpur**

चालु आर्थिक वर्षको सुरुवातदेखि नै मुलुक आर्थिक संकटतर्फ धकेलिँदै गएको छ । मुलुकको अर्थतन्त्रका मुख्य सूचकहरु नकारात्मक देखिएका छन् । मुलुकमा विदेशी मुद्राको सञ्चिती घट्दै गएको छ भने बैंकहरुमा लगानीयोग्य तरलताको अभाव बढ्दै गएको छ । नेपाल सरकारले पुनर्बीमाको लागि ठुलो मात्रामा पुँजी विदेशिन लागेपछि विगत ३ वर्षदेखि पुनर्बीमाको २० प्रतिशत व्यवसाय नेपालमा नै गर्नुपर्ने कार्यक्रम लागु गर्दै आएको थियो । बीमा समितिले सरकारले लागु गरेको कार्यक्रमलाई निरन्तरता दिँदै थप ८० प्रतिशत पुनर्बीमा व्यवसाय पनि नेपालमा नै गर्नुपर्ने निर्देशन गरेको छ । प्रस्तुत छ, पुनर्बीमा क्षेत्रका केही महत्वपुर्ण विषयहरुसहित समसामयिक विषयमा मध्यान्ह राष्ट्रिय दैनिकका संवाददाता **नारायण अर्याल**ले नेपाल पुनर्बीमा कम्पनी लिमिटेडका अध्यक्ष **डा. रविन्द्र घिमिरे**सँग गरेको कुराकानीको सम्पादित अंश :

# बीमाको सिद्धान्तले जोखिमलाई विकेन्द्रीत गर्न भन्छ



**डा. रविन्द्र घिमिरे**
अध्यक्ष, नेपाल पुनर्बीमा कम्पनी लि.

**बीमा समितिले पुनर्बीमाको व्यवसाय नेपाली कम्पनीहरुलाई दिनपर्ने निर्देशन जारी गरेपछि पुनर्बीमामा त्यसको प्रभाव कस्तो परेको छ ?**

व्यवसायको कन्ट्र्याक्ट नविकरण जुलाईको जुलाई महिनाबाट मात्रै हुन्छ । यो समयमा प्रिमियम उठाउने काम बुक भइसकेको हुन्छ । त्यसकारण यसको प्रभाव हेर्नलाई त अर्को आर्थिक वर्ष नै प्रतिक्षा गर्नुपर्ने हुन्छ । अहिलेसम्मको ट्रेन कस्तो छ भने ओभरल बजारको ३१ प्रतिशत जति व्यवसाय नेपाल इन्स्योरेन्सले लिइराखेको रहेछ । जसमा एभियसनमा बाहेक २० प्रतिशत नेपाल सरकारले नै प्रोभिजन गरेको भैहाल्यो, त्यसपछिको बिजनेस चाहिँ बाहिर गएको अवस्था छ । अब बाँकी रहेको ७० प्रतिशत पनि नेपालमा नै हुने भएपछि झनै राम्रो हुने भयो ।



१०० प्रतिशत बिजनेस पायौं भनेर मख्ख पर्ने कुरा हुँदैन् । त्यसैले हाम्रो क्षमता कति भन्ने कुरा महत्वपुर्ण हो । यो कुरा हामीले भन्नुभन्दापनि कुनै स्वतन्त्र बिज्ञ लगाएर बीमा समितिले अध्ययन गर्नुपर्दछ । हाम्रो क्यापिटलको आधारमा हो जोखिम डाइजेस्ट गर्ने । हाम्रो कम्पनीको ११ दशमलब ६५ अर्ब छ, अर्को कम्पनीको ७ अर्ब छ, यो क्यापिटलले कति सम्म जोखिम थेग्न सक्छ भन्ने कुरा विज्ञबाट अध्ययन गराएर पनि गर्न सकिन्छ ।

**के नेपालका पुनर्बीमा कम्पनीहरुले आफ्नो मुलुकभित्रको बजारमा पनि मार्केटिङ गर्न नसकेर वा मार्केटिङ क्षमतामा कमजोरी भएर समिति नै अग्रसर भएर बिजनेस दिलाइदिने काम भएको हो ?**

कुनै पनि कम्पनी खोल्न भन्दा अगाडि नियामक निकायले बिजनेसको ग्यारेन्टी गर्दिन्छ, हामीलाई बिजनेसको व्यवस्था गर्दिन्छ भनेर सुरुवात गरिएको त हुँदैन् । नियामकले पनि कुनै कम्पनीले गरिखाओस भनेर बिजनेसको ग्यारेन्टी गरिदिने भन्ने कुरा पनि हुँदैन् । नेपाल रि-इन्स्योरेन्स नेपाल सरकारकै स्वामित्वमा भएको कम्पनी हो । यो विशेष ढंगबाट स्थापना भएको हो । आतंकबाद विश्वमा बढिराखेको बेलामा विदेशी पुनर्बीमा कम्पनीहरुले नेपालको रिस्क लिन मानेनन्, त्यसपछि इन्स्योरेन्स कम्पनी र नेपाल सरकार मिलेर कोषको स्थापना गरे । कोषको पैसा बढ्दै गएर ३ अर्ब पुग्यो । त्यसपछि त्यही ३ अर्ब पुँजी राखेर नेपाल पुनर्बीमा कम्पनी लिमिटेड स्थापना गर्ने काम गरिएको थियो । नेपाल सरकारले केही विषयहरुमा पुनर्बीमा गर्दा २० प्रतिशत व्यवसाय नेपाली कम्पनीसँगै गर्नुपर्ने भनेर व्यवस्था पनि गरिदियो । यो कार्यान्वयन भएको झण्डै ३ वर्ष भएको छ । अब बाँकी वर्षहरुमा पनि सोही अनुसार होस भनेर हामीले भन्ने कुरा पनि स्वभाविक नै हो । तर यसलाई कसरी कार्यान्वयन गर्दै जाने भन्ने कुरा सरकार र नियामक निकायले विचार गर्दै जाने कुरा हो ।

**नेपाली पुनर्बीमा कम्पनीहरुलाई यसरी नेपालको सबै व्यवसाय दिने हो भने थेग्न सक्छन् ?**

विशेषगरी इन्स्योरेन्समा सकिन्छ भने २०/२५ वर्षको डाटा नभए ५/१० वर्षको भएपनि डाटा विश्लेषण गरेर लस कति छ, त्यसलाई कम्पनीले धान्न सक्छ कि सक्दैन भनेर हेर्नुपर्ने हुन्छ । हाम्रो मुलुकको अर्थतन्त्रको साइज अत्यन्तै सानो छ । एउटा कोरोना बीमा ल्याउँदा त सरकारले थेग्न सकेन् । १०० प्रतिशत बीमा नेपालभित्रै राख्दाखेरी जोखिम पक्कै पनि हुन्छ । हामीले पनि अलिकति राखेर बाँकी बाहिर नै पठाउनपर्ने अवस्था आउन सक्छ । त्यसरी दिँदाखेरी के हुन्छ भने, प्रिमियम धेरै बाहिर पठायो भने हाम्रो नाफा घट्छ, प्रिमियम धेरै राखेर थोरै मात्रै प्रिमियम पठाउँदा खेरी पनि ठुलो लस आयो भने फेरि धेरै तिर्नुपर्ने हुन्छ । त्यसमा पनि लस हुन्छ । यो प्राविधिक विषय पनि हो । कति हामीले राखेर कति बाहिर पठाउँदाखेरी, कस्तो खालको एग्रिमेन्ट गर्दाखेरीमा उपयुक्त हुन्छ भनेर एकदमै हिसाबकिताब गर्नसक्ने खालको उच्चस्तरिय ह्युमन रिसोर्सको पनि कमी देखेको छु । त्यसको लागि ह्युमन रिसोर्सको पनि डेभ्लोप गर्नुपर्ने आवश्यकता छ ।

**बीमा क्षेत्रका कतिपय व्यक्तिहरुले समितिले पुनर्बीमाको लागि जारी गरेको निर्देशिकामा असहमति जनाएको देखिन्छ । आर्थिक दृष्टिकोण वा स्वतन्त्र बजारको नियमलाई केन्द्रमा राख्दा तपाईं के भन्नुहुन्छ ?**

बीमाको सिद्धान्तले के भन्छ भने जोखिमलाई एकैठाउँमा ल्याएर नथुपार भन्छ । जोखिमलाई विभिन्न ठाउँमा छर ताकी ठुलो क्षती भयो भने पनि थोरैमात्र आफ्नो भागमा परोस । जस्तै नेपालमा खरबौं खरबको क्षती भइदियो भने भाग्न त मिल्दैन् । त्यसकारण यो १०० प्रतिशत बिजनेस पायौं भनेर मख्ख पर्ने कुरा हुँदैन् । त्यसैले हाम्रो क्षमता कति भन्ने कुरा महत्वपुर्ण हो । यो कुरा हामीले भन्नुभन्दापनि कुनै स्वतन्त्र बिज्ञ लगाएर बीमा समितिले अध्ययन गर्नुपर्दछ । हाम्रो क्यापिटलको आधारमा हो जोखिम डाइजेस्ट गर्ने । हाम्रो कम्पनीको ११ दशमलब ६५ अर्ब छ, अर्को कम्पनीको ७ अर्ब छ, यो क्यापिटलले कति सम्म जोखिम थेग्न सक्छ भन्ने कुरा विज्ञबाट अध्ययन गराएर पनि गर्न सकिन्छ ।

**पुनर्बीमा कम्पनीको कार्यक्षेत्र विश्वबजार नै हो । तर यसले अपेक्षित रुपमा अन्य मुलुकहरुमा बजार बिस्तार गर्न किन सकेन ?**

विश्वका अन्य मुलुकहरुबाट हामीसँग पुनर्बीमा व्यवसायको लागि माग वा अफर नआएको होइन् । थुप्रै आएको छ । तर बिजनेस लिने कि नलिने भन्ने हो । बिजनेसलाई बर्गिकरण गर्दा एउटा लस मेकिङ बिजनेस हुन्छ, एउटा प्रोफिट मेकिङ बिजनेस हुन्छ र अर्को चाहिँ मिक्स बिजनेस हुन्छ । जसमा कहिले नाफा कहिले नोक्सान हुन्छ । प्रोफिट मेकिङ बिजनेस हामीलाई खासै दिँदैनन् । त्यो सकेसम्म उनिहरु आँफै राख्छन् वा अरु नै कसैलाई दिन्छन् । अनि लस मेकिङ बिजनेस हामीले लिएर अर्थ छैन् । त्यसैले हामीले लिने बिजनेस भनेको मिक्स प्रकृतिको हो । जुन बिजनेस कुनै वर्ष लस हुनसक्छ भने कुनै वर्ष प्रोफिट हुनसक्छ । म आउनुभन्दा पहिला पनि ३२ वटा अन्तरराष्ट्रिय स्तरका इन्स्योरेन्स र रि इन्स्यारेन्स कम्पनीबाट २५/२६ वटा देशको रिक्स कलेक्ट गरिएको रहेछ । त्यसरी कलेक्ट गर्ने हिसाबमा २/३ वर्षको अनुभव हेरेर कतिपय बिजनेसलाई हामीले ब्लक गऱ्यौं । कुनै वर्ष लस भयो भनेर आत्तियर नलिँदा पनि त्यो प्रोफेसनल नहुँदो रहेछ । ५/७ वर्षको यसको आयु हुन्छ । अरु कम्पनीहरुले नाफा हरेक वर्ष घोषणा गर्छन्, इन्स्योरेन्स कम्पनीले ५ वर्षबाट घोषणा गर्ने चलन छ अन्रराष्ट्रिय रुपमा । तर यहाँ लगानीकर्ताहरुले पुनर्बीमा कम्पनीले यो वर्ष कति डिभिडेन्ड देला, कति रिटर्न देला भनेर चासो राख्या देखिन्छ । वास्ववमा ५/५ वर्षमा यसको घोषणा गर्दाखेरी मात्रै बल्ल यसको रियल पिक्चर आउँछ ।

विदेशीहरुबाट हामीले बिजनेस नपाउने होइन् । बिजनेस पाउँछौं, तर बिजनेस पाउँदाखेरी धेरै नै लस मेकिङ बिजनेस रहेछ भने हामीले लिँदैनौ, अलिकति कम लस हुनेखालको बिजनेस मात्रै हामीले लिन्छौं । हामीले विदेशमा गएर मार्केटिङ गर्न नसकेको भनेर भन्न मिल्दैन् । प्रोफिट मेकिङ बिजनेस किन आउँदैन भन्ने प्रश्नमा यसको लागि हाम्रो कम्पनीको स्ट्रेन्थलाई पनि हामीले हेर्नुपर्ने हुन्छ । विश्वमा ए रेटिङ पाएका कम्पनीहरु पुराना, बलिया र अनुभवी तथा एक्सपर्टाइज भएका छन् । यिनिहरुले बिजनेस लिँदा नै एकदमै सेलेक्सन गर्छन्, कलेक्सन गर्दैनन् । तर अन्य बि तथा बि माइनस रेटिङका कम्पनीहरुलाई भने सेलेक्सन भन्दापनि कलेक्सन नै गर्नुपर्ने वाध्यता छ । हामीले पनि कलेक्सन नै गर्ने हो, सेलेक्सन गर्ने हैसियतमा हामीपनि जान खोजीरहेका छौं । सेलेक्सनमा जानको लागि हामी बलियो हुनुपर्छ, त्यसको लागि पहिलो कुरा पुँजी नै हुनुपऱ्यो । रिइन्स्योरेन्स गर्नसक्ने एक्सपर्टहरु



नेपाल सरकारले केही विषयहरुमा पुनर्बीमा गर्दा २० प्रतिशत व्यवसाय नेपाली कम्पनीसँगै गर्नुपर्ने भनेर व्यवस्था पनि गरिदियो । यो कार्यान्वयन भएको झण्डै ३ वर्ष भएको छ । अब बाँकी वर्षहरुमा पनि सोही अनुसार होस भनेर हामीले भन्ने कुरा पनि स्वभाविक नै हो । तर यसलाई कसरी कार्यान्वयन गर्दै जाने भन्ने कुरा सरकार र नियामक निकायले विचार गर्दै जाने कुरा हो ।

चाहियो । त्यसोभयो भने त्यो विषयमा बढी एनलाइसिस गर्न सकिन्छ ।

**पुनर्बीमा कम्पनीहरुको प्रिमियम लगायत चुक्ता पुँजीको ८१ प्रतिशत हिस्सा बैंकको मुद्दती खातामा राखिएको छ । अवधारणागत र व्यवहारिक रुपमा तपाईंले यसलाई कसरी हेर्नुभएको छ ?**

विदेशी मुलुकमा बैंकमा डिपोजिट गर्ने काम चाहिँ एकदमै कम हुन्छ । उनिहरुले इन्भेस्मेन्ट कम्पनीहरु खोलेर त्यहाँबाट लगानी गर्छन् । यसमा हामीहरुले पनि छुट्टै इन्भेस्टमेन्ट कम्पनी खोलेर वैकल्पिक तथा डेभलपमेन्ट नेचरका क्षेत्रमा लगानी गर्ने भन्ने कुरा चाहिँ चलिरहेको छ । हामीले पनि १/२ वटा प्रोजेक्टमा लगानी गरेका छौं । जसमा रिटर्न नआउने खालको पनि रहेछ । तपाईंले उठाएको कुरा हामीले सोँचीराखेका छौं । बीमा समितिमा पनि हामीले गएर कुरा गर्ने, रिइन्स्योरेन्स कम्पनीको लिडरसिपमा सबै इन्स्योरेन्स कम्पनीहरुले आफ्नो सेयर राखेर ठुलो एउटा इन्भेस्टमेन्ट कम्पनी खोल्ने र त्यो कम्पनीले कुनै अन्य क्षेत्रमा लगानी गर्ने । यो बारेमा पनि यस कम्पनीमा आन्तरिक रुपमा छलफल भइरहेको छ । बैंकमा मात्रै भर पर्नु हुँदैन् ।

**अन्त्यमा पुनर्बीमा कम्पनीलाई आफ्नो व्यवसायमा थप जिम्मेवार र विश्वासिलो बनाउनको लागि आगामी दिनमा के कस्ता नयाँ कार्यक्रम अगाडि सार्दै हुनुहुन्छ ?**

अहिले पब्लिकले पनि उठाएको प्रश्न यहि हो । यो संस्थाको छिटोछिटो विकास होस, बजार विस्तार होस । सबैले यो चाहना गर्नुभएको छ । तर यसमा सुपर नर्मल विकास चाहिँ राम्रो हुनेरहेछ । अर्गानिक ग्रोथमा जान पर्दोरहेछ । अहिले कतिपय इन्स्योरेन्स कम्पनीहरु एकदमै स्पिडमा जाँदा अहिले केही समस्या पनि आएका छन् भन्ने सुनिएको छ ।

सस्टेनेबल र ब्रोडबेस सहित अगाडि बढ्नुपर्छ भन्ने मेरो मान्यता छ । रिइन्स्योरेन्समा हामीले अरु धेरै केही गर्नुपर्दैन्, एउटा ह्युमन रिसोर्स डेभलपमेन्ट, डिजिटाइजेसन र क्रेडिट रेटिङ लिने काम गर्नुपर्दछ । यी तीनवटा काम गर्ने वित्तिकै ब्रोकरहरुले हामीलाई व्यवसाय ल्याएर दिन्छन् । व्यवसाय नै लिनको लागि कम्पनीलाई समस्या छैन् । हाम्रो स्ट्रेन्थ बढाउनुपर्ने आवश्यकता छ । रिइन्स्योरेन्स भनेको अन्तर्राष्ट्रिय स्तरको संस्था हो । यसलाई सबै हिसाबले स्तरवृद्धि गर्नपनि आवश्यकता छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

आगलागीबाट सावधानी अपनाऔं
निम्न कारणबाट आगलागी हुनसक्छ,
- बाटो काट्दा जेब्रा क्रासिंगको प्रयोग गरौं ।
- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा । हुरी बतास चल्दा ।
- प्रयोगपछ आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा ।
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

*त्यसैले, सचेत रहौं,*
*आगलागीबाट बचौं र बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**